नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
परिवार कल्याण महाशाखा

## राष्ट्रिय खोप तालिका

पूर्ण खोप, सुरक्षित भविष्य

| पटक/भेट | कुन उमेरमा | कुन खोप | सुई लगाउने स्थान र माध्यम | कुन रोगबाट बचाउँछ |
|---|---|---|---|---|
| | गर्भवति महिला | टि.डी. पहिलो गर्भमा कम्तिमा एक महिनाको अन्तरमा २ पटक र त्यसपछिको प्रत्येक गर्भमा १ पटक | बाँया पाखुराको बिच बाहिरी भाग मासुमा (Intramuscular) | मातृ तथा नवजात शिशु धनुष्टंकार र भ्यागुते रोग |
| १ | जन्मने वित्तिकै सकेसम्म छिटो | बि.सि.जी. | दाँया पाखुराको माथिल्लो भाग छालाभित्र (Intradermal) | क्षयरोग |
| २ | ६ हप्तामा | रोटा (पहिलो मात्रा)<br>पोलियो (पहिलो मात्रा)<br>पि.सि.भी (पहिलो मात्रा)<br>डि.पि.टी. हेप-बी हिब (पहिलो मात्रा) | •मुखमा (गालाको भित्री भागमा)<br>•मुखमा दुई थोपा<br>•दाँया तिघ्राको बिच बाहिरी भाग मासुमा (Intramuscular)<br>•बाँया तिघ्राको बिच बाहिरी भाग मासुमा (Intramuscular) | •रोटा भाइरसबाट हुने झाडापखाला<br>•पोलियो<br>•निमोनिया (न्यूमोकोकल रोगहरु)<br>•भ्यागुते रोग, लहरे खोकी, धनुष्टंकार, हेपाटाइटिस्-बी, हेमोफिलस इन्फ्लुएन्जा-बी, |
| ३ | १० हप्तामा | रोटा (दोश्रो मात्रा)<br>पोलियो (दोश्रो मात्रा)<br>पि.सि.भी (दोश्रो मात्रा<br>डि.पि.टी. हेप-बी हिब (दोश्रो मात्रा) | •मुखमा (गालाको भित्री भागमा)<br>•मुखमा दुई थोपा<br>•दाँया तिघ्राको बिच बाहिरी भाग मासुमा (Intramuscular)<br>•बाँया तिघ्राको बिच बाहिरी भाग मासुमा (Intramuscular) | •रोटा भाइरसबाट हुने झाडापखाला<br>•पोलियो<br>•निमोनिया (न्यूमोकोकल रोगहरु)<br>•भ्यागुते रोग, लहरे खोकी, धनुष्टंकार, हेपाटाइटिस्-बी, हेमोफिलस इन्फ्लुएन्जा-बी, |
| ४ | १४ हप्तामा | पोलियो (तेश्रो मात्रा)<br>एफ.आई.पि.भी. (पहिलो मात्रा)<br>डि.पि.टी. हेप-बी हिब (तेश्रो मात्रा) | •मुखमा दुई थोपा<br>•दाँया पाखुराको माथिल्लो भाग छालाभित्र (Intradermal)<br>•बाँया तिघ्राको बिच बाहिरी भाग मासुमा (Intramuscular) | •पोलियो<br>•पोलियो<br>•भ्यागुते रोग, लहरे खोकी, धनुष्टंकार, हेपाटाइटिस्-बी, हेमोफिलस इन्फ्लुएन्जा-बी, |
| ५ | ९ महिनामा | एफ.आई.पि.भी. (दोश्रो मात्रा)<br>दादुरा-रुबेला (पहिलो मात्रा)<br>पि.सि.भी (तेश्रो मात्रा) | •दाँया पाखुराको माथिल्लो भाग छालाभित्र (Intradermal)<br>•बाँया पाखुराको माथिल्लो भाग छाला र मासु बीच (Subcutaneous)<br>•दाँया तिघ्राको बिच बाहिरी भाग मासुमा (Intramuscular) | •पोलियो<br>•दादुरा र रुबेला<br>•निमोनिया (न्यूमोकोकल रोगहरु) |
| ६ | १२ महिनामा | जापानिज इन्सेफलाइटिस् | दाँया तिघ्राको माथिल्लो बाहिरी भाग छाला र मासु बीच (Subcutaneous) | •जापानिज इन्सेफलाइटिस् |
| ७ | १५ महिनामा | दादुरा-रुबेला (दोश्रो मात्रा)<br>टाइफाईड | • बाँया पाखुराको माथिल्लो भाग छाला र मासु बिच (Subcutaneous)<br>• बाँया तिघ्राको बिच बाहिरी भाग मासुमा (Intramuscular) | •दादुरा र रुबेला<br>•टाइफाईड |
| ८ | कक्षा ६ की छात्रा र विद्यालय नजाने १० वर्षकी किशोरी | एच.पि.भी | बाँया पाखुराको बिच बाहिरी भाग मासुमा (Intramuscular) | पाठेघरको मुखको क्यान्सर |


Gandaki Province Government
Ministry of Health
Provincial Health Directorate
**Matrishishu Miteri Provincial Hospital**
Pokhara-16, Batulechaur, Kaski , Phone : 061-443144
Website : msmhospital.gov.np,
Email : maternityhospitalpk@gmail.com


वार्षिक स्थिति प्रतिवेदन २०८१/०८२

मातृशिशु मितेरी प्रादेशिक अस्पताल

# वार्षिक स्थिति प्रतिवेदन २०८१/०८२




गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रादेशिक स्वास्थ्य निर्देशनालय
**मातृशिशु मितेरी प्रादेशिक अस्पताल**
पोखरा-१६, बाटुलेचौर, कास्की, फोन : ०६१-४४३१४४
Website : msmhospital.gov.np
Email : maternityhospitalpk@gmail.com

# वार्षिक स्थिति प्रतिवेदन

## आर्थिक वर्ष २०८१/०८२

गण्डकी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

प्रादेशिक  स्वास्थ्य निर्देशनालय

## मातृशिशु मितेरी प्रादेशिक अस्पताल

पोखरा, कास्की

# Hospital Major Indicators

| S.N | Indicators | 075/076 | 076/077 | 077/078 | 078/079 | 079/080 | 080/081 | 081/082 |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Total Delivery | 588 | 574 | 709 | 527 | 716 | 567 | 604 |
| 2 | LSCS Delivery | 128 | 134 | 236 | 115 | 177 | 131 | 169 |
| 3 | Vacuum Delivery | 24 | 12 | 5 | 4 | 6 | 6 | 12 |
| 4 | Normal Delivery | 436 | 428 | 468 | 408 | 533 | 430 | 423 |
| 5 | Total Clients Served | 18493 | 21142 | 22666 | 35756 | 46915 | 50395 | 59027 |
| 6 | Hospital LSCS rate | 21.76 | 21.76 | 33.28 | 21.82 | 24.72 | 23.1 | 27.9 |
| 7 | Hospital beds occupancy rate | 51 | 32 | 27 | 37 | 33.42 | 27.16 | 42.2 |
| 8 | Average length of stay in hospital | 2.25 | 2.10 | 2.1 | 2.6 | 2.39 | 2.53 | 2.8 |
| 9 | Total laboratory test | 59365 | 86133 | 91990 | 138276 | 155391 | 163746 | 209931 |
| 10 | Average number of laboratory test per day | 190 | 218 | 224.5 | 335 | 425 | 445.4 | 575 |
| 11 | Average number of radio-graphic image per day | 13.3 | 13.5 | 17.4 | 30.1 | 34 | 32.39 | 16 |
| 12 | Total USG service | 3844 | 3888 | 5639 | 7119 | 7371 | 6595 | 7315 |
| 13 | Average number of USG per day | 10.5 | 10.7 | 15.4 | 19.2 | 20 | 18 | 20 |
| 14 | % of Emergency services among total OPD | 19 | 18 | 10.75 | 9.43 | 6.55 | 5.14 | 8.2 |
| 15 | Hospital maternal death | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 16 | Througput | 90 | 60 | 45 | 54 | 50.16 | 42 | 55 |
| 17 | Inpatient sex ratio | 1:11.39 | 1:7.2 | 1:5.53 | 1:2.65 | 1:4.26 | 1:4.87 | 1:3.22 |
| 18 | OPD patient sex ratio | 1:1.77 | 1:1.76 | 1:1.93 | 1:1.58 | 1:1.59 | 1:1.58 | 1:1.54 |
| 19 | Percentage of popn utilizing OPD service* | 71 | 81 | 84 | 100 | 100 | 100 | 100 |
| 20 | Doctor OPD patient ratio | 1579 | 1504 | 1273.4 | 3576 | 4691 | 3150 | 3332 |
| 21 | Doctor inpatient ratio | 91 | 82 | 107.9 | 130 | 250 | 138 | 143 |
| 22 | Nurse Inpatient ratio | 58 | 41 | 53.95 | 65 | 83.6 | 33 | 76 |

# अस्पताल प्रमुखको सन्देश



मातृशिशु मितेरी अस्पतालको आ.व ०८१/०८२को वार्षिक प्रतिवेदन सम्प्रेषण गर्न पाउँदा अत्यन्तै गौरवान्वित महसुस गरेको छु। गण्डकी प्रदेश सरकारको एक महत्वपूर्ण क्षेत्रको रुपमा रहेको स्वास्थ्य सेवा सुधार र स्तरोन्नतिमा यस अस्पतालको पनि भूमिका र योगदान रहेको कुरा जगजाहेर नै छ। स्वास्थ्य सेवाका सूचकाङ्कहरु सही दिशामा बढिरहेको र गण्डकी प्रदेश सरकार र नेपाल सरकारको लक्ष्यतर्फ लम्किरहेको देख्न पाउँदा खुशीको अनुभव गरेको छु।

यो वार्षिक प्रतिवेदनले यस अस्पतालले गत आर्थिक वर्ष भरिको अवधिमा गरेका महत्वपूर्ण क्रियाकलापहरु समेटेको छ यस प्रतिवेदनमा प्रस्तुत गरिएका तथ्याङक र सूचकाङ्कहरु HMIS र अन्य स्रोतबाट साभार गरिएको छ।

यो प्रतिवेदनले गण्डकी प्रदेश र यस अस्पतालको स्वास्थ्य नीति, योजना, स्वास्थ्य सेवाको पहुँच र उपलब्धिका बारेमा पनि प्रकाश पारेको छ। यस अस्पतालको प्रगतिको लागि विभिन्न दृष्टिकोणले सहयोग पुर्याउनु हुने नेपाल सरकारका विभिन्न निकाय, गण्डकी प्रदेश सरकारका विभिन्न निकाय, अस्पताल, व्यवस्थापन समिति पदाधिकारीहरु, विभिन्न संघ संस्थाहरुप्रति सहयोगको उच्च मूल्याङ्कन गर्दै हार्दिक आभार प्रकट गर्दछु।

अन्त्यमा प्रसुति तथा स्त्री रोग शाखा, प्रशासन शाखा, स्वास्थ्य वीमा शाखा, आकस्मिक शाखा, प्रयोगशाला शाखा, फार्मेसी शाखा, SNCU शाखा लगायत चिकित्सक, स्वास्थ्यकर्मी, कर्मचारीहरुमा हार्दिक आभार प्रकट गर्दछु।

..........................................

**डा. धर्मदेव ढकाल**
**मेडिकल सुपरिन्टेण्डेण्ट**

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रादेशिक स्वास्थ्य निर्देशनालय

# मातृशिशु मितेरी प्रादेशिक अस्पताल

पोखरा, कास्की

फोन नं.: ०६१-४४३१४४, ४४३३३३

Website: https://msmhospital.gov.np, E-mail : maternityhospitalpk@gmail.com

# गुनासो सुन्ने अधिकारी



नाम : डा. मिलन श्रेष्ठ

पद : मेडिकल अधिकृत (नाक, कान, घाँटी रोग विशेषज्ञ)

सम्पर्क नं. : ९७६५३५८१९९

ईमेल : drmilansth45@gmail.com

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रादेशिक स्वास्थ्य निर्देशनालय

# मातृशिशु मितेरी प्रादेशिक अस्पताल

पोखरा, कास्की

फोन नं.: ०६१-४४३१४४, ४४३३३३

Website: https://msmhospital.gov.np, E-mail : maternityhospitalpk@gmail.com

# सूचना अधिकारी



नाम : माधवी पोखरेल

पद : मेडिकल रेकर्ड निरीक्षक

सम्पर्क नं.: ९८५६०८८०१४

ईमेल : madhavipaudel4@gmail.com

# कार्यकारी सारांश (Executive Summary)

गण्डकी प्रदेश अन्तर्गतको एक मात्र यो मातृशिशु मितेरी प्रादेशिक अस्पताल आमा र शिशुको सामान्य तथा जोखिमपुर्ण स्वास्थ्यको तत्काल उपचार व्यवस्थापन गरि जोखिमको अवस्थाबाट बचाउने मुख्य उद्धेश्य हासिल गर्न अगाडि बढिरहेको छ। यस अस्पतालले आमा र शिशुको स्वास्थ्य सँग सम्बन्धित सम्पुर्ण सेवाहरु गुणस्तरिय र सर्वसुलभ रुपमा प्रदान गर्दै आइरहेको छ। आ.व.२०८१/०८२ मा गण्डकी प्रदेशमा नै पहिलोपटक मातृ तथा शिशु स्वास्थ्य सँग सम्बन्धित स्तन हेरचाह तथा परामर्श का लागि (BCU) को स्थापना गरेको छ। आमा सुरक्षा कार्यक्रम (CEONC) प्रभावकारी ढङ्गले यस अस्पतालमा चलिरहेको छ। यसको लागि चौबिसै घण्टा नियमित तथा आकस्मिक सुत्केरी सेवा, नवजात शिशुको विशेष उपचार सेवा, प्रयोगशाला सेवा र चौबिसै घण्टा अस्पतालको आफ्नै फार्मेसी सेवा उपलब्ध छ। उपचारबाट अधिकांश सेवाग्राहीहरु सन्तुष्टी भएको अवस्था छ। स्थानिय मात्र नभई कास्की जिल्ला बाहिरका सेवाग्राहीहरु पनि यस अस्पतालमा सेवा लिन आउने गरेको अवस्था छ। गण्डकी प्रदेश सरकार अन्तर्गतको आमा र शिशुको एकमात्र यो अस्पतालको क्रमिक विकाश भैरहेको छ। यो अस्पताल २०७३।०६।१२ मा उद्धाटित भई सन्चालनमा आएको हो। आ.व. २०७३/०७४मा कुल डेलिभरी सेवा १६८ मात्र भैरहँदा आ.व. ०७४/०७५ मा ४१२, आ.व. ०७५/०७६ मा ५८८, आ.व. ०७६/०७७ मा ५७४, आ.व. ०७७/०७८ मा ७०९, आ.व.०७८/०७९ मा ५२७ र आ.व. २०७९/०८० मा सबैभन्दा अधिक ७१६ जना सुत्केरी सेवा लिएको अवस्था छ। आ.व. २०७९/०८० मा कुल ७१६ सुत्केरी सेवा मध्ये २५५ जना सुत्केरी कास्की बाहिरका अन्य जिल्लाहरुबाट आई सेवा लिएको देखिन्छ। तेस्तै आ.व. २०८१/०८२ मा ६०४ जनाले सुत्केरी सेवा लिएको देखिन्छ।

यो अस्पताल आमा र शिशुको विशेष अस्पताल भएतापनि यस अस्पतालमा अन्य विशेषज्ञ सेवाहरु जस्तै सामान्य चिकित्सा, हाडजोर्नी तथा नशा रोगको विशेषज्ञ सेवा, स्त्रीरोगको विशेषज्ञ सेवा, बालरोगको विशेषज्ञ सेवा, दन्त विशेषज्ञ सेवा, नाक, कान घाँटी सम्बन्धी विशेषज्ञ सेवा, जनरल सर्जरी, रेडियोलोजी विशेषज्ञ सेवा र एनस्थेसियोलोजी विशेषज्ञ सेवा सन्चालन भइरहेको छ।

स्वास्थ्य विमा सेवा आ.व. २०७३/०७४ देखि हालसम्म नियमित रुपमा प्रदान गरिदै आइरहेको छ। आ.व. २०७३/०७४ मा स्वास्थ्य विमा सेवा लिएका सेवाग्राही संख्या ९२६ मात्र भएकोमा आ.व. ०७४/०७५ मा ३०९९, आ.व. ०७५/०७६ मा ७५०३, आ.व. २०७६/०७७ मा १०८२६, आ.व. २०७७/०७८ मा १०९५२, आ.व. २०७८/०७९मा २३४७४,आ.व.२०७९/०८० मा ३१६९६, आ.व. २०८०/०८१ मा ३५१५३ आ.व. २०८१/०८२ आईपुग्दा ४२१६९पुगेको छ।

यसैगरी प्रयोगशाला सेवा पनि हरेक वर्ष बढिरहेको छ। आ.व. २०८१/०८२ को कुलपरिक्षण २०९९३१ पुगेको छ। अस्पतालको व्यवस्थापनमा व्यापक सुधार आएको अवस्था छ। अस्पतालको कुशल नेतृत्व, विशेषज्ञ चिकित्सक, व्यवस्थापन समिति, स्वास्थ्यकर्मी, नर्सिङ लगायत सबै स्टाफहरुको कर्तव्य तथा जिम्मेवारीको अपनत्व लिएको कारण अस्पतालको सेवा उदाहरणिय रुपमा अगाडी बढिरहेको छ।

आगामी दिनहरुमा अस्पताललाई आवश्यक पर्ने जमिनको व्यवस्थापन हुनसके थप पूर्वाधार व्यवस्थित हुनेछ साथै अस्पताललाई सेकेन्डरी अस्पतालको रुपमा स्तरोन्नती गरी शिक्षण अस्पतालको रूपमा पनि विकास गर्न सकिनेछ यसका अलावा आधुनिक उपकरणहरु सहित अन्य विशेषज्ञ सेवाहरु थप हुनेछन, यसको लागि अस्पतालका सरोकारपक्ष सबैको एउटै बुझाई र त्यसको लागि उपयुक्त पहलकदमी हुन जरुरी छ भने यहाँका स्थानिय नागरिकहरुलाई जुनकुनै विशेषज्ञ सेवा लिन आफनै घर आगनमा संभव हुनेछ।

# विषयसूची


| | |
|---|---|
| पृष्ठभूमि | १ |
| अस्पतालको विकासक्रम | १ |
| स्थिति विश्लेषणको उद्धेश्य | २ |
| स्थिति प्रतिवेदन निर्माण प्रक्रिया | २ |
| अस्पतालको सांगठनिक संरचना | ३ |
| मानव संसाधन (स्थायी दरवन्दी विवरण) | ४ |
| मानव संसाधन (अन्य श्रोत) | ५ |
| अस्पतालबाट प्रदान गरिने मुख्य मुख्य सेवाहरु | ६ |
| कुल वजेट तथा खर्च विवरण | ७ |
| अस्पतालवाट प्रदान गरिने मुख्य मुख्य सेवाहरुको तथ्याङ्किय विवरण | ११ |
| ▪ कुल सेवाग्राहीको विवरण | ११ |
| ▪ वहिरङ्ग सेवाग्राहीको विवरण | १२ |
| ▪ आकस्मिक सेवा | १३ |
| ▪ अन्तरङ्ग सेवा | १५ |
| ▪ सुरक्षित मातृत्व सेवा | १६ |
| ▪ MPDSR | १७ |
| ▪ SNCU (नवजात शिशु विशेष हेरचाह कक्ष) | १९ |
| ▪ सुरक्षित गर्भपतन सेवा (Safe Abortion) | २० |
| ▪ परिवार नियोजन सेवा | २१ |
| ▪ गर्भवती जाँच सेवा (ANC) | २२ |
| ▪ अनुसन्धानात्मक सेवा | २२ |
| ▪ प्रयोगशाला सेवा | २३ |
| प्रयोगशालामा उपलव्ध जाँचहरु | २४ |
| खोप सेवा | २५ |
| फिजियोथेरापी सेवा | २६ |
| आँखा स्वास्थ्य सेवा | २७ |
| Continuing Medical Education (CME) निरन्तर चिकित्सा शिक्षा | २८ |

| | |
|---|---|
| Continuing Professional Development (CPD) निरन्तर व्यावसायिक विकास | २९ |
| स्वास्थ्य विमा कार्यक्रम | ३० |
| अस्पतालका मुख्य सुचकहरू | ३२ |
| आ.व.२०८०/०८१ मा भएका मुख्य उपलव्धीहरु | ३४ |
| अस्पतालका सवल पक्षहरु | ३४ |
| अस्पतालका चुनौतीहरु | ३५ |
| अस्पतालका आगामी कार्ययोजनाहरू | ३६ |
| तस्बिरहरु | ३७ |
| नागिरक वडा पत्र | ५८ |
| अस्पताल विपद् योजना र व्यवस्थापन टीम | ६२ |
| सन्दर्भ सामाग्री | ६३ |

## पृष्ठभूमि

स्वास्थ्य संस्थाको वार्षिक कार्यसम्पादनको अवस्था के कस्तो छ समयमै थाहा पाई लक्षित कार्यक्रमहरुको समयमै मुल्याङ्कन गनुपर्ने हुन्छ । यसको लागि वार्षिक प्रतिवेदन एउटा गहना जस्तै हो । यसैको माध्यम बाट आगामी सुधारका योजना तर्जुमा गरि लागु गर्न संभव हुन्छ ।

आमा र नवजात शिशुको जोखिमपुर्ण स्वास्थ्यको तत्कालै व्यवस्थापन गरी आवश्यक उपचार मार्फत मृत्यु हुनबाट बचाउने सरकारको मुख्य प्राथमिकतामा रहेको छ ।

यसै सन्दर्भमा पोखराको उत्तरी भेक लगायत अन्य क्षेत्रबाट रोजगारी तथा शैक्षिक उपलव्धि हासिल लगायत अन्य कारणले पोखरालाई स्थायी अथवा अस्थायी वासस्थान बनाएका गर्भवती, सुत्केरी आमाहरु र नवजात शिशुहरुको जोखिम स्वास्थ्यलाई नागरिक कै पायक पर्ने ठाउँमा व्यवस्थापन गर्न मिति २०७२ साल आश्विन २२ गते मन्त्रीस्तरिय निर्णयबाट यो सरकारी मातृशिशु मितेरी अस्पतालको स्थापना भएको हो ।

तात्कालिन बाटुलेचौर स्वास्थ्य चौकीलाई स्तरोन्नति र मातृशिशु मितेरी अस्पताल पोखरा– कोमागानेलाई समायोजन गरी २५ शैयाको जिल्ला स्तरको पूर्ण सरकारी मातृशिशु मितेरी अस्पताल स्वीकृत भई प्रसुति तथा स्त्रीरोग र बालरोग विशेषज्ञ सहितको सेवा प्रदान गर्ने ध्येयका साथ सन्चालनमा आएको छ । स्वास्थ्य मन्त्रालय मातहतका कार्यालयहरुको नाममा एकरुपता कायम हुने गरी मिति २०८१ पौष ९ गते गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णयानुसार भएको संशोधन अनुसार हाल यस अस्पतालको नाम मातृशिशु मितेरी प्रादेशिक अस्पताल रहन गएको छ ।

यो अस्पताललाई विधिवत रुपमा तात्कालिन महामहिम राष्ट्रपति विद्यादेवी भण्डारी ज्यूद्वारा मिति २०७३ साल आश्विन १२ गते उद्घाटन गरिएको हो । यो अस्पताल पोखरा महानगरपालिका वडा नं १६ बाटुलेचौरमा पर्दछ ।

यो अस्पताल पोखराको मुख्य बजार महेन्द्रपुल देखि करिब ५ किलोमिटर दुरीमा रहेको छ । स्थापनाकाल देखि नै २५ शैया स्वीकृत भई यो अस्पतालमा आकस्मिक तथा नियमति प्रसुति सम्वन्धी अपरेशन सेवा समेत सुचारु छ । हाल यो अस्पतालमा नवजातशिशुको विशेष उपचार सेवा, दन्तरोग, हाडजोर्नी उपचार सेवा, जनरल फिजिसियन सेवा, नाक, कान घाँटी सम्बन्धी विशेषज्ञ सेवा, जनरल सर्जरी, सामान्य चिकित्सा सेवा र बालरोग उपचार सेवा समेत चालु अवस्थामा रहेको छ ।

## अस्पतालको विकासक्रम

- वि.सं. २०२९ पूर्व यस अस्पताल क्षेत्रमा मलेरिया नियन्त्रण परियोजना सञ्चालन हुने गरेको
- वि.सं. २०२९ मा वाटुलेचौर स्वास्थ्य चौकीको रुपमा स्थापना
- वि.सं. २०६९ मा मातृशिशु मितेरी सामुदायिक अस्पतालको रुपमा स्थापना
- वि.सं. २०७२ आश्विन २२ गते मातृशिशु मितेरी सामुदायिक अस्पताल र वाटुलेचौर स्वास्थ्य चौकीलाई एकीकृत गरी मातृशिशु मितेरी अस्पतालको रुपमा स्तरउन्नती
- वि.सं.२०७३ साल आश्विन १२ गते पूर्व राष्ट्रपती विद्यादेवी भण्डारी ज्यूले उद्घाटन गर्नुभएको यस अस्पताल हाल गण्डकी प्रदेश सरकार,स्वास्थ्य मन्त्रालय अन्तर्गतको एक मात्र मातृशिशु अस्पताल हो ।
- वि.सं. २०८१ साल पौष ९ गते गण्डकी प्रदेश सरकार,मन्त्रिपरिषद्को निर्णयानुसार भएको संशोधन अनुसार हाल यस अस्पतालको नाम मातृशिशु मितेरी प्रादेशिक अस्पताल रहन गएको छ ।

## स्थिति विश्लेषणको उद्धेश्य

प्रत्येक वर्ष सरकारी स्वास्थ्य संस्थामा सरकारले लगानी गरेको हुन्छ । लगानी गरे अनुरुपको परिणाम पाउन सकियो सकिएन । स्वास्थ्य संस्थाको बास्तविक स्थिति के छ ? जनशक्ति, आवश्यक बजेट, मेशिन तथा उपकरणहरुको व्यवस्थापन भए नभएको थाहा पाई समयमा नै कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्ने हुन्छ । अतः स्वास्थ्य संस्थाको वास्तविक अवस्था बुझि समस्याहरुको समयमा नै पहिचान गरी त्यसको समाधानको कार्ययोजना बनाई कार्यान्वयन गर्दै अगाडि बढनु नै स्थिति विश्लेषणको उद्देश्य हो ।

- संस्थाको वास्तविक स्थिति पत्ता लगाउन
- लगानी अनुरुपको परिणामको प्रतिफल पत्ता लगाउन
- संस्थाका कमीकमजोरी पत्ता लगाउन
- सुधार गर्नुपर्ने पक्षहरु पत्ता लगाई यथासक्य सुधारका लागि कार्ययोजना बनाई सम्बन्धित निकायसँग समन्वय र कार्यान्वयन गर्न

## स्थिति प्रतिवेदन निर्माण प्रक्रिया

अस्पतालमा रहेका विभिन्न शाखा प्रमुखहरुको सहभागितामा आ.व. २०८१/०८२ मा अस्पतालले गरेको कार्य सम्पादनहरु संकलन, उदाहरणीय राम्रा कामहरुको संकलन , सेवाहरुको तथ्यांक, सेवाहरुको सन्चालन मा आइपरेका कठिनाइहरु समस्या समाधानका उपायहरु साथै अस्पतालका आगामी कार्ययोजनाका बारेमा व्यापक छलफल गर्नुका साथै निम्न प्रक्रियाद्वारा यो बार्षिक स्थिति प्रतिवेदन तयार पारिएको छ ।

- शाखा प्रमुखबाट तथ्याङ्क रुजु
- पुराना तथ्याङ्कको अध्ययन
- अस्पतालबाट सञ्चालन भएका सेवाहरुको तथ्याङ्कको अध्ययन
- अन्य अस्पतालका वार्षिक प्रतिवेदन तथा स्मारिका, अन्य प्रकाशनहरु अध्ययन
- स्वत प्रकाशन अध्ययन


## अस्पतालको सांगठनिक संरचना

Gandaki Province Government
Ministry of Health
Provincial Health Directorate

# Matrishishu Miteri Provincial Hospital

Pokhara-16, Kaski

## GOVERNMENT ORAGNIZATION STRUCTURE



## मानव संसाधन (स्थायी दरवन्दी विवरण)

| क्र. स. | पद | सेवा | समूह | तह | दरबन्दिको स्थिती | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | स्वी. द . | पद पूर्ति | रिक्त | |
| १ | ब.क.अव्स एण्ड गाइनो (मे.सु.) | स्वास्थ्य | अव्स/ गाईनो | ९/१० | १ | १ | ० | |
| २ | प्र.क. पेडियाट्रिसियन | स्वास्थ्य | पेडीयाट्रिक्स | ९/१० | १ | १ | ० | |
| ३ | मेडिकल अधिकृत | स्वास्थ्य | ज. हे. स | ८ | ४ | ४ | ० | |
| ४ | नर्सिङ अधिकृत | स्वास्थ्य | ज. नर्सिंग | ७/८ | १ | १ | ० | |
| ५ | प्रशासन अधिकृत | प्रशासन | सा . प्र | ५/६ | १ | १ | ० | |
| ६ | लेखापाल | प्रशासन | लेखा | ५/६ | १ | १ | ० | |
| ७ | फार्मेसी सहायक / सुपरभाइजर | स्वास्थ्य | फार्मेसी | ५/६/७ | १ | १ | ० | |
| ८ | मे.रे.सु | स्वास्थ्य | मे. रेकर्डर | ५/६/७ | १ | १ | ० | |
| ९ | ल्या.टे. | स्वास्थ्य | मे. ल्या . टे | ५/६/७ | १ | १ | ० | |
| १० | व./ रे. ग्राफर | स्वास्थ्य | रेडियोलोजी | ५/६/७ | १ | १ | ० | |
| ११ | हाउसकिपिङ सुपरभाइजर | स्वास्थ्य | विविध | ५/६/७ | १ | ० | १ | |
| १२ | स्टाफ नर्स | स्वास्थ्य | ज. नर्सिंग | ५/६/७ | ५ | ५ | ० | |
| १३ | ल्या. असिस्टेन्ट | स्वास्थ्य | मे. ल्या . टे | ४/५/६ | १ | १ | ० | |
| १४ | अ.न.मी | स्वास्थ्य | प. हे. न. | ४/५/६ | ५ | ४+१ | १ | १ (संघ फाजिल) |
| १५ | एनेस्थेसिया सहायक | स्वास्थ्य | एनेस्थेसिया | | १ | ० | १ | |
| १६ | हेल्थ असिस्टेन्ट | स्वास्थ्य | हे. ई | ५/६/७ | २ | १ | १ | |
| १७ | अ.हे.व | स्वास्थ्य | ज. हे .स | ४/५/६ | ३ | १ | २ | |
| १८ | ह.स.चा | ईन्जी | मेकानिकल | विहिन | १ | ० | १ | |
| १९ | कार्यालय सहयोगी | प्रशासन | सा . प्र | विहिन | ६ | १ | ५ | |
| कुल जम्मा | | | | | ३८ | २६+१ | १२ | |

## मानव संसाधन (अन्य श्रोत)

| क्र. स. | पद | प्रदेश करार | छात्रवृत्ती करार | समिती करार | कार्यक्रम करार | दरबन्दी करार | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | एनेस्थेसियोलोजिस्ट | | २ | | | | १ |
| २ | प्रोस्थोडोन्टिस्ट/ डेन्टल हाइजेनिष्ट | | | २ | | | ३ |
| ३ | जनरल सर्जन | | २ | | | | २ |
| ४ | मेडिकल जनरलिष्ट | | १ | | | | १ |
| ५ | कन्सल्ट्यान्ट फिजिसियन | १ | | | | | १ |
| ६ | क.अव्स एण्ड गाइनो | | १ | | १ | | २ |
| ७ | वालरोग विशेषज्ञ | | | | १ | | १ |
| ८ | मेडिकल अधिकृत/ डेन्टल सर्जन | | ६+१ | | | | ७ |
| ९ | फार्मेसी (अधिकृत/ सहायक) | | २ | ५ | | | ७ |
| १० | ल्याव (टेक्नोलोजिष्ट/ टेक्निसियन/ असिस्टेन्ट) | १ | | ४ | १ | | ६ |
| ११ | नर्सिङ्ग अधिकृत/ स्टाफ नर्स | १० | ५ | ३ | ४ | | २२ |
| १२ | रेडियोग्राफर | १ | | १ | | | २ |
| १३ | सहायक प्रशासक | | | १ | | | १ |
| १४ | सहायक लेखापाल | | | १ | | | १ |
| १५ | अप्थाल्मिक सहायक | १ | | | | | १ |
| १६ | सूचना प्रविधी सहायक | १ | | | | | १ |
| १७ | फिजियोथेरापी सहायक | १ | | | | | १ |
| १८ | हेल्थ असिस्टेन्ट | १ | | | | | १ |
| १९ | अ.हे.व. | | | ४ | | | ४ |
| २० | अ.न.मी. | | | १ | | | १ |
| २१ | रिसेप्सनिष्ट | | | ४ | | | ४ |
| २२ | सुरक्षा गार्ड | | | २ | | | २ |
| २३ | प्लम्बर | | | १ | | | १ |
| २४ | इलेक्ट्रिसियन | | | १ | | | १ |
| २५ | ह.स.चा. | | | १ | | १ | २ |
| २६ | कार्यालय सहयोगी | | | १० | २ | ५ | १७ |
| | **कुल जम्मा** | १७ | २० | ४१ | ९ | ६ | ९३ |

# अस्पतालबाट प्रदान गरिने मुख्य मुख्य सेवाहरु

## ● उपचारात्मक सेवा

- वहिरङ्ग सेवा
- २४ सै घण्टा ईमरजेन्सी सेवा
- अन्तरङ्ग सेवा
- क्षयरोग उपचार (DOTS) सेवा
- SNCU सेवा
- वालरोगको एकिकृत व्यबस्थापन सेवा
- सुरक्षित गर्भपतन सेवा
- शल्यक्रिया सेवा
- ल्याप्रोस्कोपीक बिधिद्वारा शल्यक्रिया सेवा
- नाक, कान, घाँटी सम्बन्धी शल्यक्रिया सेवा

## ● प्रतिकारात्मक तथा प्रबर्धनात्मक सेवा

- खोप सेवा
- पोषण सेवा
- प्यापस्मेयर परिक्षण सेवा
- भि.आइ. ए. परिक्षण सेवा
- PMTCT सेवा
- परिवार नियोजन सेवा

  PPIUCD

## ● विशेष सेवा

- नवजात शिशुको विशेष उपचार
- प्रसुती तथा स्त्रीरोग विशेषज्ञ सेवा
- वालरोग विशेषज्ञ सेवा
- सामान्य चिकित्सा सेवा
- हाडजोर्नी विशेषज्ञ सेवा
- स्तन हेरचाह तथा परामर्श सेवा
- प्रसुती प्रतिक्षा गृह सेवा
- आँखा उपचार सेवा
- मुख स्वास्थ्य सेवा
- स्वास्थ्य विमा कार्यक्रम
- फिजियोथेरापी सेवा

## ● अनुसन्धानात्मक सेवा

२४ सै घण्टा

- भिडियो एक्सरे सेवा
- प्रयोगशाला सेवा
- एक्सरे सेवा
- ई.सी.जी. सेवा

## कुल वजेट तथा खर्च विवरण

## आ.व. २०८१/०८२ को वार्षिक वित्तिय प्रगती

**संघ ससर्त तर्फ**

| वजेट शिर्षक | विनियोजित वजेट | खर्च भएको बजेट | वित्तिय प्रगती % | भौतिक प्रगती % |
|---|---|---|---|---|
| चालु तर्फ | १९२२८ | १७६९१.२१ | ९२% | १०० |
| पुजिगत तर्फ | - | - | - | - |
| कुल जम्मा | १९२२८ | १७६९१.२१ | ९२% | १०० |

माथिको तथ्याङ्कवाट आ.व. २०८१/०८२ मा संघ ससर्त तर्फ यस अस्पतालका लागि रु १,९२,२८,०००/- अक्षरुपी एक करोड बयानव्बे लाख अठ्ठाइस हजार रुपैयाँ विनियोजन भएको पाइन्छ जस मध्ये रू१,७६,९१,२१०/- अक्षरुपी एक करोड छहत्तर लाख एकानव्बे हजार दुई सय दश रुपियाँ खर्च भएको देखिन्छ जुन विनियोजित बजेटको ९२% हुन आउँछ।

**प्रदेश समानिकरण तर्फ**

| वजेट शिर्षक | विनियोजित वजेट | खर्च भएको बजेट | वित्तिय प्रगती % | भौतिक प्रगती % |
|---|---|---|---|---|
| चालु तर्फ | ९९७८७ | ७६८५७ | ७७.०२% | १००% |
| पुजिगत तर्फ | २३००० | १८६५४ | ८१.१०% | ८५% |
| कुल जम्मा | १२२७८७ | ९५५११ | ७७.७९% | |

त्यस्तै गरी प्रदेश समानिकरण तर्फ चालु र पुजिगत गरी दुई शिर्षकमा रकम विनियोजन भएको देखिन्छ। चालुतर्फ रु ९,९७,८७,०००/- अक्षरुपी नौ करोड सन्तानव्बे लाख सतासी हजार रुपैयाँ विनियोजन भएको पाइन्छ जस मध्ये रू७,६८,५७,०००/- अक्षरुपी सात करोड अठसट्ठी लाख सन्ताउन्न हजार रुपियाँ खर्च भएको देखिन्छ जुन विनियोजित बजेटको ७७.०२% हुन आउँछ भने पुजिगत तर्फ रु २,३०,००,०००/- अक्षरुपी दुई करोड तिस लाख रुपैयाँ विनियोजन भएको पाइन्छ जस मध्ये रु १,८६,५४,०००/-अक्षरुपी एक करोड छयासी लाख चवन्न हजार रुपियाँ खर्च भएको देखिन्छ जुन विनियोजित बजेटको ८१.१०% हुन आउँछ।

प्रदेश समानिकरण तर्फ चालु र पुजिगत गरी कुल जम्मा रू १२,२७,८७,०००/- अक्षरुपी बाह्र करोड सत्ताइ लाख सतासी हजार रुपैयाँ विनियोजन भएकोमा रू ९,५५,११,०००/- अक्षरुपी नौ करोड पचपन्न लाख एघार हजार रुपैयाँ खर्च भएको छ जुन कुल रकमको ७७.७९% हुन आउँछ।

## आ.व. २०८१/०८२ को समग्र भौतिक र वित्तीय प्रगति विवरण:

| विवरण | चालु | | | | पुँजिगत | | | | जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रदेश समानीकरण | सशर्त | विशेष | जम्मा | प्रदेश समानीकरण | सशर्त | विशेष | जम्मा | प्रदेश समानीकरण | सशर्त | विशेष | जम्मा |
| विनियोजन | ९६३३७ | ११०२१ | ० | १०७३५८ | २७५०० | ० | ० | २७५०० | १२३८३७ | ११०२१ | ० | १३४८५८ |
| थप | ३८०० | ८२०७ | ० | १२००७ | - | ० | ० | - | ३८०० | ८२०७ | ० | १२००७ |
| घट | ३५० | ० | ० | ३५० | ४५०० | ० | ० | ४५०० | ४८५० | ० | ० | ४८५० |
| अन्तिम बजेट | ९९७८७ | १९२२८ | ० | ११९०१५ | २३००० | ० | ० | २३००० | १२२७८७ | १९२२८ | ० | १४२०१५ |
| खर्च | ७६८५६.९ | १७६९१.२१ | ० | ९४५४.०६ | १८६५४.०५ | . ० | ० | १८६५४.०५ | ९५५१०.९५ | १७६९१.२१ | ० | ११३२०२.१ |
| खर्च प्रतिशत | ७७.०२ | ९२ | ० | ७९.४४ | ८१.१० | ० | ० | ८१.१० | ७७.७९ | ९२.०१ | ० | ७९.७१ |
| भौतिक प्रतिशत | १०० | १०० | | | ८५ | | | ८५ | ९३ | १०० | | |

आ.व.२०८१/०८२ मा अस्पताल चालु बजेट अन्तर्गत प्रदेश समानिकरण तर्फ रु ९,६३,३७,०००/- अक्षरुपी नौ करोड त्रिसठ्ठी लाख सैतिस हजार रुपैयाँ बिनियोजन भएको देखिन्छ पछि रू ३८,००,०००/- अक्षरुपी अठ्तीस लाख थप भएको साथै प्रदेश सरकारको निर्णय बमोजिम कार्यक्रम तर्फ खर्च नभएको बजेटको २५% रोक्का राखी बाकीँ बजेट खर्च गर्नु भन्ने निर्देशनका कारण रु ३,५०,०००/- अक्षरुपी तिन लाख पचास हजार रुपियाँ समर्पण गरी अन्तिम बजेट रू ९,९७,८७,०००/- अक्षरुपी नौ करोड सन्तानव्बे लाख सतासी हजार रुपैयाँ भएको पाइन्छ । जस मध्ये रू ७,६८,५७,०००/- अक्षरुपी सात करोड अठसठ्ठी लाख सन्ताउन्न हजार रुपियाँ खर्च भएको देखिन्छ जुन विनियोजित बजेटको ७७.०२% हुन आउँछ त्यस्तै चालु बजेट अन्तर्गत संघ ससर्त तर्फ यस अस्पतालका लागि रु १,१०,२१,०००/- अक्षरुपी एक करोड दश लाख एक्काइस हजार रुपैयाँ विनियोजन भएको पाइन्छ। साथै पछि रू ८२,०७,०००/- अक्षरुपी बयासी लाख सात हजार रुपैयाँ थप भई कुल जम्मा रु १,९२,२८,०००/- अक्षरुपी एक करोड बयानव्बे लाख अठ्ठाइस हजार रुपैयाँ विनियोजन भएको पाइन्छ जस मध्ये रू. १,७६,९१,२१०/- अक्षरुपी एक करोड छहत्तर लाख एकानव्बे हजार दुई सय दश रुपियाँ खर्च भएको देखिन्छ जुन विनियोजित बजेटको ९२% हुन आउँछ। पुजिगत बजेट अन्तर्गत प्रदेश समानिकरण तर्फ रु २,७५,००,०००/- अक्षरुपी दुई करोड पचहत्तर लाख रुपैयाँ विनियोजन भएको पाइन्छ । अस्पतालको माथिल्लो तलामा ट्रस निर्माण, Ramp निर्माण तथा फोहोरमैला व्यवस्थापनका लागि कोठा निर्माणको लागि रु १,००,००,०००/- अक्षरुपी एक करोड बिनियोजन भएको र Ramp निर्माणको लागि मात्र कुल लागत रू. ७४,४४,३१९/- अक्षरुपी चौरहत्तर लाख चवालीस हजार तीन सय उन्नाइस रुपियाँ भई ठेक्का प्रक्रियामा जादा रू ४९,२०,५२६/- अक्षरुपी उन्नपचास लाख बीस हजार पाँच सय छब्बीस रुपियाँ ठेक्का सकार गरेको तथा अस्पतालको माथिल्लो तलामा ट्रस निर्माणको लागि भवनको भु-बनोटका कारण उपयुक्त छैन भनी प्राविधिकले प्रतिबेदन समेत दिएको हुँदा रु. ४५,००,०००/- अक्षरुपी पैँचालिस लाख रुपियाँ बजेट समर्पण गरिएको हुँदा कुल अन्तिम बजेट रु २,३०,००,०००/- अक्षरुपी दुई करोड तिस लाख रुपैयाँ भएको पाइन्छ जस मध्ये रु १,८६,५४,०००/-अक्षरुपी एक करोड छयासी लाख चवन्न हजार रुपियाँ खर्च भएको देखिन्छ जुन विनियोजित बजेटको ८१.१० % हुन आउँछ।

अस्पतालका लागि चालु र पुजिँगत गरी कुल बजेट रू १३,४८,५८,०००/- अक्षरुपी तेह्र करोड अठ्चालिस लाख अन्ठाउन्न हजार रूपियाँ बिनियोजन भएकोमा पछि १,२०,०७,०००/- अक्षरुपी एक करोड बिस लाख सात हजार रुपियाँ थप

भएको साथै ४८,५०,०००/- अक्षरुपी अठ्चालिस लाख पचास हजार रुपियाँ बजेट समर्पण गरिएको हुँदा कुल अन्तिम बजेट रु १४,२०,१५,०००/- अक्षरुपी चौध करोड बिस लाख पन्ध्र हजार रुपियाँ हुन गएको देखिन्छ जस मध्ये रु ११,३२,०२,१००/- अक्षरुपी एघार करोड बत्तिस लाख दुई हजार एक सय रुपियाँ खर्च भएको देखिन्छ जुन विनियोजित बजेटको ७९.७१% हुन आउँछ ।

कतिपय बजेट आ.व. को अन्त तिर प्राप्त हुने हुँदा प्रयाप्त समय नहुने, निर्माण सम्बन्धि कार्यका लागि आफ्नै प्राविधिक नहुनु र अरुलाई अनुरोध गर्दा लामो समय लाग्न जाने हुँदा पनि कतिपय कार्यक्रम सञ्चालन गर्न नसकी बजेट खर्च नभएको हो ।

## अस्पताल व्यवस्थापन समिति

| Description (FY 2080/081) | |
|---|---|
| 1. Number of meetings held in 2080/081 | 17 |
| 2. Financial information | Amount NPR |
| 2.1 Balance @ end of Asadh 2080 | Rs 1,27,500/- |
| 2.2 Incomes @ during 80/81 | Rs 5,06,29,091.64/- |
| 2.3 Expenses @ during 80/81 | Rs 4,49,76,189.84/- |
| 2.4 Balance @ end Asadh 2081 | Rs 57,80,401.80/- |
| 2.5 Details of any donation received, gift in kind | No Any |

माथिको तथ्याङ्क अनुसार आ.व. २०८०/०८१ मा अस्पताल व्यवस्थापन समितिको वैठक १७ पटक वसेको देखिन्छ। आ.व. २०७९/०८० को असार मसान्तमा रू१,२७,५००/- अक्षरुपी एक लाख सत्ताइस हजार पाँच सय रुपैँया मौज्दात रकम रहेको देखिन्छ । आ.व. २०८०/०८१ मा अस्पतालले प्रदान गरेका सेवाहरुबाट (जस्तैः- प्रयोगशाला जाँच, ओ.पी. डि. टिकट, इमरजेन्सी टिकट, फार्मेसी, स्वास्थ्य विमा आदिवाट संकलित रकम रु ५,०६,२९,०९१.६४/- अक्षरुपी पाँच करोड छ लाख उन्नतिस हजार एकानव्वे रुपैयाँ चौसठ्ठी पैसा आम्दानी गरेको थियो । अस्पतालबाट सेवा प्रदान गर्ने क्रममा रु ४,४९,७६,१८९.८४/- अक्षरुपी चार करोड उन्नपचास लाख छहत्तर हजार एक सय उनान्नव्वे रुपैयाँ चौरासी पैसा खर्च भएको देखिन्छ । आ.व. २०८०/०८१ को असार मसान्तमा रू ५७,८०,४०१.८०/- अक्षरुपी सन्ताउन्न लाख असी हजार चार सय एक रुपैँया असी पैसा मौज्दात रहेको देखिन्छ । अस्पतालले आ.व. २०८०/०८१ मा अस्पतालको नाममा कुनै पनि प्रकारको अनुदान, सहयोग वा अन्य कुनै उपहार प्राप्त गरेको देखिदैँन । त्यस्तै आ.व.२०८१/०८२ को अस्पताल व्यवस्थापन समितितर्फको आम्दानी , खर्च तथा मौज्दात रहेको रकमलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| Description (FY 2081/082) | |
|---|---|
| 1. Number of meetings held in 2081/082 | 10 |
| 2. Financial information | Amount NPR |
| 2.1 Balance @ end of Asadh 2081 | Rs 57,80,401.80/- |

| | |
|---|---|
| 2.2 Incomes @ during 81/82 | Rs 5,72,04,100.09/- |
| 2.3 Expenses @ during 81/82 | Rs 6,21,16,317.58/- |
| 2.4 Balance @ end Asadh 2082 | Rs 8,68,184.31/- |
| 2.5 Details of any donation received, gift in kind | No Any |

माथिको तथ्याङ्क अनुसार आ.व. २०८१/०८२ मा अस्पताल व्यवस्थापन समितिको बैठक १० पटक बसेको देखिन्छ। आ.व. २०८०/०८१ को असार मसान्तमा रू ५७,८०,४०१.८०/- अक्षरुपी सन्ताउन्न लाख असी हजार चार सय एक रुपैँया असी पैसा मौज्दात रकम रहेको देखिन्छ । आ.व. २०८१/०८२ मा अस्पतालले प्रदान गरेका सेवाहरुबाट (जस्तैः- प्रयोगशाला जाँच, ओ.पी.डि. टिकट, इमरजेन्सी टिकट, फार्मेसी,स्वास्थ्य विमा, शल्यक्रिया सेवा आदिवाट संकलित रकम रु ५,७२,०४,१००.०९- अक्षरुपी पाँच करोड बहत्तर लाख चार हजार एक सय रुपैयाँ नौ पैसा आम्दानी गरेको छ। अस्पतालबाट सेवा प्रदान गर्ने क्रममा रु ६,२१,१६,३१७.५८/- अक्षरुपी छ करोड एक्काईस लाख सोह्र हजार तिन सय सत्र रुपैयाँ अन्ठाउन्न पैसा खर्च भएको देखिन्छ। आ.व. २०८१/०८२ को असार मसान्तमा रू. ८,६८,१८४.३१/- अक्षरुपी आठ लाख अठ्सट्ठि हजार एक सय चौरासी रुपैँया एकतिस पैसा मौज्दात रहेको देखिन्छ । अस्पतालले आ.व. २०८१/०८२ मा अस्पतालको नाममा कुनै पनि प्रकारको अनुदान,सहयोग वा अन्य कुनै उपहार प्राप्त गरेको देखिदैँन।

यस अस्पतालमा सेवा लिने अधिकाशं सेवाग्राही स्वास्थ्य विमामा बिमित छन् । आ.व. २०८१/०८२ मा कुल सेवाग्राहीको ७१.४% स्वास्थ्य बिमामा बिमित सेवाग्राही थिए। यस आ.व. मा गत आ.व. को समेत गरी कुल रकम रू २,५५,६४,८३७/- अक्षरूपी दुई करोड पचपन्न लाख चौसठ्ठी हजार आठ सय सैतीस रुपियाँ स्वास्थ्य विमा बाट प्राप्त भएको थियो स्वास्थ्य विमा बोर्डबाट २०८१श्रावण देखि २०८२ असार सम्म कुल दाबी रकम रु ४,७२,९६,४६०/- अक्षरुपी चार करोड बहत्तर लाख छयानब्वे हजार चार सय साठी रुपियाँ गरिएकोमा पेश्की वापत् जम्मा रु ८२,३७,१८२/- अक्षरुपी बयासी लाख सैतिस हजार एक सय बयासी रुपियाँ मात्र प्राप्त भएको हुँदा गत आ.व. को मौज्दात भन्दा यस आ.व.को मौज्दात कम देखिएको हो तसर्थ समयमा नै स्वास्थ्य विमा बोर्डबाट शोधभर्ना रकम निकासा हुनुपर्ने देखिन्छ।

## अस्पतालमा सञ्चालित बेड हरुको विवरण

| Description | Total |
|---|---|
| Sanctioned Beds | 25 |
| Operational Beds (according on sanction) | 25 |
| Total inpatient beds including maternity | 49 |
| Emergency Department | 5 |
| Pediatric | 6 |
| SNCU | 6 |
| ICU | 4 |
| Maternity/Gynae | 17 |
| General | 16 |


यस अस्पताल तात्कालिन बाटुलेचौर स्वास्थ्य चौकीलाई स्तरोन्नति र मातृशिश मितेरी अस्पताल पोखरा– कोमागानेलाई समायोजन गरी २५ शैयाको जिल्ला स्तरको सरकारी पूर्ण मातृशिशु मितेरी अस्पतालका रुपमा स्वीकृत भई प्रसुति तथा स्त्रीरोग र बालरोग विशेषज्ञ सहितको सेवा प्रदान गर्ने ध्येयका साथ सन्चालनमा आएको हो।सरकारी स्तरमा २५ शैया मात्र स्विकृत भयकोमा हाल अस्पताल ५४ शैयामा सञ्चालित छ।Emergency Department मा ५ शैया र अन्तरङ्घ बिभागका बिभिन्न Departments जस्तै Pediatric-6 bed,SNCU-6 bed,ICU-4 bed,Maternity/Gynae-17 bed, General-16 bed गरी अन्तरङ्घ बिभाग ४ ९ शैयामा सञ्चालित छ।

## अस्पतालवाट प्रदान गरिने मुख्य मुख्य सेवाहरुको तथ्याङ्किय विवरण

यस अस्पतालमा स्वास्थ्य व्यवस्थापन सुचना प्रणाली DHIS -2 ले निर्दिष्ट गरेअनुसार अस्पतालमा उपलव्ध सेवाहरुको तथ्याङ्क संकलन गरिन्छ। संकलित तथ्याङ्कहरु सोही प्रणालीले तोकेअनुसार DHIS-2 मा मासिक रुपमा प्रविष्ट गरिन्छ।DHIS-2 मा प्रविष्ट तथ्याङ्कको आधारमा तल अस्पतालमा उपलव्ध बिभिन्न सेवाहरुको विश्लेषण गरिएको छ।


## कुल सेवाग्राहीको विवरण

यस अस्पतालमा मुख्यतया पोखरा महानगरपालिका वार्ड नं. १६,१९,२०,२५ र १ का सेवाग्राही सेवा लिन आउँछन् तर पोखरा नेपालको मुख्य शहरहरु मध्ये एक भएकाले यहाँ रोजगारी, शैक्षिक योग्यता हासिल आदिजस्ता कारणले अन्य जिल्लावाट पनि पोखरामा स्थायी तथा अस्थायी वसोवास गर्ने वाह्य जिल्लाका सेवाग्राही पनि सेवा लिन आएको पाइन्छ। यसरी DHIS-2 मा प्रविष्ट तथ्याङ्कका आधारमा आ.व. २०७४/०७५देखि आ.व. २०८१ /०८२ सम्मको सेवाग्राहीको तथ्याङ्कलाई निम्नअनुसार विश्लेषण गरिएको छ।



माथिको वारग्राफमा यस अस्पतालमा सेवा लिन आउने कुल सेवाग्राहीको संख्यालाई प्रस्तुत गरिएको छ। आ.व.२०७४ /०७५ देखि आ.व.२०८१ /०८२ को तथ्याङ्कलाई विश्लेशण गर्दा सेवा लिन आउने सेवाग्राही संख्या क्रमश बढ्दै गएको देखिन्छ । आ.व.२०७४/०७५ मा वार्षिक कुल सेवाग्राहीको संख्या ११,८६६ भएकोमा आ.व.२०८१/०८२को अन्त्यमा वार्षिक कुल सेवाग्राहीको संख्या ५९०२७ पुगेको छ । गुणस्तरिय सेवा प्रवाह हुनुका साथै विशेषज्ञ चिकित्सकको सेवा उपलव्धताका कारण पनि अघिल्ला वर्षहरुमा भन्दा पछिल्ला वर्षहरुमा सेवाग्राहीको संख्या उल्लेख्य रुपमा बढ्दै गएको देखिन्छ।

आ.व.२०८१/०८२ को कुल सेवाग्राहीको मासिक तथ्याङ्कलाई तलको रेखाचित्रमा प्रस्तुत गरिएको छ।





माथिको रेखाचित्रमा देखिएको प्रवृत्ति अनुसार विरामीको चाप मौसम अनुकुल घटबढ रहेको देखिन्छ हिँउद (चिसो) समयका महिनामा भन्दा बर्षात् (गर्मी) समयका महिनाहरुमा विरामीको चाप बढी देखिएको छ । गर्मी समयका महिनामा ५००० भन्दा बढी सेवाग्राहीले सेवा लिएका छन् भने हिँउद (चिसो) समयका महिनामा सेवाग्राहीको संख्या ४००० को वरपर रहेको देखिन्छ।

## वहिरङ्ग सेवाग्राहीको विवरण

यस अस्पतालले जनरल ओ.पी.डी., हाडजोर्नी, स्त्री तथा प्रसुतिरोग, सर्जरी, जनरल फिजिसियन, वालरोग, दन्त सेवा, नाक, कान, घाँटी (ENT), लगाएतका वहिरङ्ग सेवाहरु उपलव्ध गराउदै आएको छ । अस्पतालमा बहिरङ्ग सेवा लिन


आउने सेवाग्राहीहरुको संख्या दैनिक २५० देखी ३०० सम्म रहेको पाइन्छ । अस्पतालमा मुख्यतया रक्तचाप, मधुमेह, दम , ग्यास्ट्रिक, रुघाखोकी, छालारोग, स्त्री तथा प्रसुती समस्या आदिका विरामीहरुको चाप देखिन्छ । DHIS-2 प्रणालीमा प्रविष्ट तथ्याङ्क अनुसार वहिरङ्ग सेवा लिने सेवाग्राहीको आ.व.२०७३ /०७४ देखि आ.व.२०८१ /०८२ को तथ्याङ्कलाई तलको बार चार्टमा देखाइएको छ ।




आ.व.२०७३/०७४ मा वार्षिक वहिरङ्ग सेवा लिने सेवाग्राहीको संख्या ५,९१८ भएकोमा आ.व.२०८१/०८२ को अन्त्यमा वार्षिक वहिरङ्ग सेवा लिने सेवाग्राहीको संख्या ५३,२२८ पुगेको छ।माथिको तथ्याङ्क अनुसार वहिरङ्ग सेवा लिने सेवाग्राहीको संख्या क्रमशः बढ्दै गएको देखिन्छ।यसले अस्पतालप्रति सेवाग्राहीको विश्वास र सेवाप्रतिको सन्तुष्टी रहेको पनि जनाउँदछ ।

## आकस्मिक सेवा

सामान्यतया तत्काल हेरचाह तथा मद्दतको आवश्यकता परेका बिरामीलाई मेडिकल, सर्जिकल तथा अन्य कुनै सेवा वा उपचार गर्न जिम्मेवार आकस्मिक विभागबाट उपलव्ध हुने सेवा नै आकस्मिक सेवा हो। यस अस्पतालमा स्थापना कालदेखिनै ५ शैयाको शैया क्षमता सहित दैनिक ३ सिफ्टमा २४ सै घण्टा आकस्मिक सेवा उपलव्ध गराउँदै आइरहेको छ । विरामीको आवश्यकताका आधारमा २४ सै घण्टा अनकल विशेषज्ञ सेवा सहित आकस्मिक सेवा प्रदान गरिदै आएको छ । DHIS-2 प्रणालीमा प्रविष्ट तथ्याङ्क अनुसार आकस्मिक सेवा लिने सेवाग्राहीको आ.व.२०७३ /०७४ देखि आ.व.२०८१ /०८२ को तथ्याङ्कलाई लाई तलको बार चार्टमा देखाइएको छ ।





माथिको वारग्राफमा यस अस्पतालमा आकस्मिक सेवा लिन आउने कुल सेवाग्राहीको संख्यालाई प्रस्तुत गरिएको छ। आ.व.२०७३ /०७४ देखि आ.व.२०८१ /०८२ को तथ्याङ्कलाई विश्लेषण गर्दा सेवा लिन आउने सेवाग्राही संख्या घटबढ हुदै गएको देखिन्छ। आ.व.२०७८/०७९ भन्दा आ.व. २०७९/०८०, आ.व. २०८०/०८१ मा क्रमशः घट्दो अवस्थामा रहेको सेवाग्राहीको संख्या आ.व.२०८१/०८२ मा अघिल्लो वर्षको तुलनामा लगभग ६९% ले बढेर आ.व. को अन्त्यमा कुल सेवाग्राहीको संख्या ४४०५ पुगेको छ।


तलको तालिकामा गत तिन आ.व. को उमेरसमूह अन्तर्गत को आकस्मिक कक्षमा  सेवा लिन आउने सेवाग्राहीको तथ्याङ्क दिइएको छ उमेर समूह अनुसार प्रत्येक आ.व.मा २० देखि ५९ वर्ष समूहको सेवाग्राहीको संख्या सबैभन्दा धेरै छ भने दोश्रोमा ९ वर्ष भन्दा साना सेवाग्राहीको संख्या रहेको छ।


| Age Group | FY 2079/080 | | | FY 2080/081 | | | FY 2081/082 | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | Female | Male | Total | Female | Male | Total | Female | Male | Total |
| 0-9 years | 177 | 246 | 423 | 152 | 211 | 363 | 343 | 464 | 807 |
| 10-14 years | 49 | 113 | 162 | 50 | 108 | 158 | 122 | 216 | 338 |
| 15-19 years | 127 | 132 | 259 | 105 | 81 | 186 | 150 | 187 | 337 |
| 20-59 years | 1229 | 597 | 1826 | 960 | 575 | 1535 | 1351 | 910 | 2261 |
| 60-69 years | 136 | 72 | 208 | 82 | 68 | 150 | 164 | 107 | 271 |
| >70 years | 117 | 80 | 197 | 118 | 85 | 203 | 243 | 148 | 391 |
| Grand Total | 1835 | 1240 | 3075 | 1467 | 1128 | 2595 | 2373 | 2032 | 4405 |


## अन्तरङ्ग सेवा

सरकारी स्तरमा २५ शैया मात्र स्विकृत भएपनि हाल अस्पतालले ४९ वटा शैयामा अन्तरङ्ग सेवा सञ्चालन गर्दै आएको छ । अन्तरङ्घ बिभागका बिभिन्न Departments जस्तै Pediatric-6 शैया SNCU-6 शैया,ICU-4 शैया, Maternity/ Gynae-17 शैया, General-16 शैया गरी अन्तरङ्घ बिभाग ४९ शैयामा सञ्चालित छ । करिव १५ जना नर्सिङ्ग जनशक्ति कार्यरत यस शाखा मुख्यतया सुत्केरी तथा प्रसुती, वालरोग, जनरल वार्ड, नवजात शिशु, जनरल सर्जरी, नाक,कान, घाँटी सम्बन्धी विरामीहरुको भर्ना गरी उपचार गरिन्छ । विशेषज्ञ चिकित्सक सहित मेडिकल अधिकृतको प्रत्यक्ष निगरानी अन्तरङ्ग बिरामीको उपचार गरिन्छ । DHIS-2 प्रणालीमा प्रविष्ट तथ्याङ्क अनुसार अन्तरङ्ग सेवा लिने सेवाग्राहीको आ.व.२०७३ /०७४ देखि आ.व.२०८१ /०८२ को तथ्याङ्कलाई लाई तलको रेखाचित्रमा देखाइएको छ ।







## सुरक्षित मातृत्व सेवा

आमा र नवजात शिशुको जोखिमपुर्ण स्वास्थ्यको तत्कालै व्यवस्थापन गरी आवश्यक उपचार मार्फत मृत्यु हुनबाट बचाउने सरकारको मुख्य प्राथमिकता सहित मिति २०७२ साल आश्विन २२ गते मन्त्रीस्तरिय निर्णयबाट यो अस्पताल सरकारी रुपमा मातृशिशु मितेरी अस्पतालको नाममा स्थापना भएको हो तसर्थ उदेश्य अनुरुप उपलव्धी हासिल गर्नका लागि यस अस्पतालले स्थापना वर्षबाटै सुरक्षित मातृत्वको सेवा प्रदान गर्दै आइरहेको छ। हालसम्मको तथ्याङ्क अनुसार यस अस्पतालमा सेवा लिन आउने कुनै पनि आमाले शिशुलाई जन्म दिने क्रममा हुने जटिलताका कारण अकालमै ज्यान गुमाउनु परेको छैन। स्थापना वर्षदेखि हालसम्मको तथ्याङ्क अनुसार मातृमृत्यु शुन्य रहेको छ।

| S.N. | Description | 073/074 | 074/075 | 075/076 | 076/077 | 077/078 | 078/079 | 079/080 | 080/081 | 081/082 |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | No of Normal spontaneous Delivery | 115 | 300 | 436 | 428 | 468 | 408 | 533 | 430 | 423 |
| 2 | Forceps/vacuum | 12 | 17 | 24 | 12 | 5 | 4 | 6 | 6 | 12 |
| 3 | No of C/S Delivery | 41 | 95 | 128 | 134 | 236 | 115 | 177 | 131 | 169 |
| 4 | Total Deliveries | 168 | 412 | 588 | 574 | 709 | 527 | 716 | 567 | 604 |
| 5 | Total Maternal Deaths | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |

अस्पतालले गर्भवती जाँच तथा परामर्श, गर्भ परिक्षण, सुरक्षित मातृत्व, न्यानो झोलावितरण, सुरक्षित गर्भपतन सेवा, पाठेघरको मुखको क्यान्सर जाँच (VIA) लगाएतका आमा सुरक्षा सम्वन्धि सेवाहरु उपलव्ध गराउदै आईरहेको छ । अस्पतालमा दक्ष प्रसुतिकर्मी, स्त्री रोग बिशेषज्ञ साथै एम.डि.जि. पी. बाट सुरक्षित मातृत्व सेवाका लागि अप्रेशनद्धारा प्रसुति, भ्याकुम फोरसेफ्स द्वारा प्रसुति,जटिल प्रसुति तथा सामान्य प्रसुती सेवा निःशुल्क रुपमा दिइरहेको छ। सुरक्षित मातृत्व सेवा लिने सेवाग्राहीको आ.व.२०७८ /०७९ देखि आ.व.२०८१ /०८२ को तथ्याङ्कलाई लाई तलको वारग्राफमा देखाइएको छ।




माथिको तथ्याङ्क अनुसार आ.व. २०७८/०७९ मा जम्मा ५२७ जना सेवाग्राहीले सुरक्षित मातृत्वको सेवा लिएको देखिन्छ जस अन्तर्गत सामान्य प्रसुति- ४०८ जना, भ्याकुम प्रयोग गरेर-४ जना, शल्यक्रियामार्फत -११५ जनाले प्रसुती सेवा लिएका छन् भने आ.व. २०८१/०८२ मा जम्मा ६०४ जना सेवाग्राहीले सुरक्षित मातृत्वको सेवा लिएको देखिन्छ जस अन्तर्गत सामान्य प्रसुति- ४२३ जना, भ्याकुम प्रयोग गरेर-१2 जना, शल्यक्रियामार्फत -१६9 जनाले प्रसुती सेवा लिएका छन्। गत चार आर्थिक वर्षको तथ्याङ्क अनुसार सेवाग्राहीको संख्या थपघट भएको देखिन्छ। गत चार आर्थिक वर्षको तथ्याङ्कलाई आधार लिदाँ वार्षिक औषत ६०४ जना सेवाग्राहीले सुरक्षित मातृत्वको सेवा लिएको देखिन्छ।

## MPDSR

नेपालको संविधान २०७२ ले आधारभूत स्वास्थ्य सेवालाइ मौलिक हकको रूपमा स्थापित गरेको छ। सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५ तथा जनस्वास्थ्य ऐन २०७५ ले प्रजनन स्वास्थ्य तथा सुरक्षित मातृत्व र नवजात शिशु स्वास्थ्यलाई आधारभूत स्वास्थ्य सेवा मार्फत हरेक नागरिकलाई निशुल्क रूपमा सेवा पुर्याउने लक्ष्य लिएको छ। संविधान तथा ऐनले प्रदत्त गरेको अधिकार तथा हकमा महिलाहरूको बच्चा जन्माउने क्रममा ज्यान जान दिन हुँदैन भन्ने कुरालाई नेपाल सरकारले धैरै महत्व दिएको छ । नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सुरक्षित मातृत्व सम्बन्धी विविध प्रयासबाट मातृ, नवजात शिशु तथा पेरिनेटल मृत्य घटाउनका लागि एम.पी.डी.एस.आर कार्यक्रमको सुरुवात गरेको हो ।

मातृमृत्य सम्बन्धी प्रर्तिवेदन २०२१ बमोजिम नेपालमा मातृमृत्य दर प्रर्ति लाख जिवित जन्ममा १५१ रहेको छ।जसमध्ये ५७ प्रतिशत मातृमृत्य अस्पतालमा हुने गरेको छ। त्यस्तै १ हजार गर्भवती मध्य २७ जनाले २८ हप्ता वा सो भन्दा माथि र जन्मेको ७ दिन भित्र शिशु गुमाउने गर्दछन् (NDHS 2022)। यसरी मातृ तथा नवजात शिशुको मृत्यको कारण पहिचान गरी उक्त कारणलाई सम्बोधन गर्न अस्पतालमा थप तथ्यपरक र गुणस्तर सुधार कार्यक्रम सञ्चालन गर्न सके मात्र आगामी दिनमा त्यस्तै कारणले हुने मातृ तथा नवजात शिशुको मृत्यलाई रोक्न सकिन्छ भन्ने हेतुले MPDSR कार्यक्रम सञ्चालन गरिएको छ।

यस अस्पतालमा पनि नेपालको संविधान २०७२, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५ तथा जनस्वास्थ्य ऐन २०७५ को लक्ष्य अनुसार मातृ तथा नवजात शिशुको मृत्यको कारण पहिचान गरी उक्त कारणलाई सम्बोधन गर्न MPDSR कार्यक्रम लागु गरी सञ्चालन गरिएको छ। हालसम्मको तथ्याङ्क अनुसार यस अस्पतालमा सेवा लिन आउने कुनै पनि आमाले शिशुलाई जन्म दिने क्रममा हुने जटिलताका कारण अकालमै ज्यान गुमाउनु परेको छैन। स्थापना वर्षदेखि हालसम्मको तथ्याङ्क अनुसार मातृमृत्यु शुन्य रहेको छ। स्थापना वर्षदेखि हालसम्मको तथ्याङ्कलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

| S. N. | Fiscal Year | Total Delivery | Maternal Death | Total Perinatal Death | | | | | Neonatal Death |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | Still Birth | | | ENND | Total PDR | |
| | | | | Fresh | Macerated | Total SB | | | |
| 1 | 2073/074 | 168 | 0 | 0 | 2 | 2 | 0 | 2 | 0 |
| 2 | 2074/075 | 412 | 0 | 1 | 1 | 2 | 0 | 2 | 0 |
| 3 | 2075/076 | 588 | 0 | 1 | 0 | 1 | 0 | 1 | 0 |
| 4 | 2076/077 | 574 | 0 | 1 | 1 | 2 | 0 | 2 | 0 |
| 5 | 2077/078 | 709 | 0 | 4 | 1 | 5 | 0 | 5 | 0 |
| 6 | 2078/079 | 527 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 7 | 2079/080 | 716 | 0 | 3 | 1 | 4 | 0 | 4 | 0 |
| 8 | 2080/081 | 567 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 9 | 2081/082 | 604 | 0 | 1 | 2 | 3 | 0 | 3 | 0 |
| Grand Total | | 4865 | 0 | 11 | 8 | 19 | 0 | 19 | 0 |

माथिको तथ्याङ्क अनुसार मातृमृत्यु शुन्य रहेपनि १९ जना शिसुले गर्भावस्थामै वा जन्म लिने क्रममा ज्यान गुमाउन परेको छाके कस्ता कारणले शिशुको मृत्यु भएको हो भनि कारण पहिचान गर्नका लागि एम.पि.डि.एस.आर. कमिटिको समिक्षात्मक बैठक सञ्चालन गरि अन्तर्क्रिया गर्दा निष्कर्षमा केही कारणहरू पत्ता लगाई ती समस्याको समाधानका लागि कार्ययोजना बनाई कार्यान्वयन गरिएको छ।

आ.व. २०८१/०८२ को तथ्याङ्कलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

| S. N. | Fiscal Year | Total Delivery | Maternal Death | Total Perinatal Death | | | | | Neonatal Death |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | Still Birth | | | ENND | Total PDR | |
| | | | | Fresh | Macerated | Total SB | | | |
| 1 | Shrawan | 54 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 2 | Bhadra | 59 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 3 | Asshwin | 49 | 0 | 1 | 1 | 2 | 0 | 2 | 0 |
| 4 | Kartik | 44 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 5 | Mangsir | 46 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 6 | Poush | 52 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 7 | Magh | 52 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 8 | Falgun | 55 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 9 | Chaitra | 33 | 0 | 0 | 1 | 1 | 0 | 1 | 0 |
| 10 | Baishakh | 54 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 11 | Jestha | 45 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 12 | Ashadh | 61 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| **Grand Total** | | 604 | 0 | 1 | 2 | 3 | 0 | 3 | 0 |

आ.व. २०८१/०८२ मा पनि मातृ मृत्यु शुन्य नै छ भने ३ जना शिसुले गर्भावस्थामै वा जन्म लिने क्रममा ज्यान गुमाउन परेको छ। शिशुको मृत्युको कारण पहिचान गर्नका लागि एम.पि.डि.एस.आर. समितिको समिक्षात्मक बैठक बसी अन्तर्क्रियात्मक छलफलको निष्कर्षमा केही कारणहरू पत्ता लगाई ति समस्याको समाधानका लागि कार्ययोजना बनाई कार्यान्वयन गरिएको छ।

## SNCU (नवजात शिशु विशेष हेरचाह कक्ष)


यस अस्पतालले आ.व. २०७९/८० देखी नवजात शिशु विशेष हेरचाह कार्यक्रम अन्तर्गत SNCU (नवजात शिशु विशेष हेरचाह कक्ष) सेवा सञ्चालन गरेको छ। नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम जन्मेदेखि २८ दिनसम्मका नवजात शिशुहरुलाई यो सेवा निशुल्क प्रदान गरिन्छ। यो सेवा अन्तर्गत आ.व. २०७९/८० मा २१८ जना नवजात शिशुहरुले ५७३ दिनको स्वास्थ्य सेवा प्राप्त गरेका छन्, आ.व. २०८०/८१ मा २११ जना नवजात शिशुहरुले ४७९ दिनको स्वास्थ्य सेवा प्राप्त गरेका छन् भने आ.व. २०८१/८२ मा २०६ जना नवजात शिशुहरुले ६७० दिनको स्वास्थ्य सेवा प्राप्त गरेका छन्।

| S. N. | Total Neonates | Causes of Admission | | | | | | Types of Discharge | | | Cases Treatment and Management (Package) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Neonatal Sepsis | Neonatal Jaundice | Birth Asphyxia | Low Birth Weight | Other | Grand Total | Recovered | Reffered | LAMA/ DOPR | A | B | A+B | A+B +C |
| 1 | FY 2079/080 | 76 | 103 | 9 | 8 | 22 | 218 | 197 | 17 | 4 | 69 | 29 | 114 | - |
| 2 | FY 2080/081 | 56 | 109 | 6 | 3 | 37 | 211 | 195 | 11 | 5 | 25 | 13 | 171 | - |
| 3 | FY 2081/082 | 49 | 90 | 2 | 2 | 63 | 206 | 186 | 19 | 1 | 24 | 4 | 165 | - |
| FY 2079/080 | | Total Inpatients :-218 Total Inpatients Days:- 573 Average Length of Stay:-573/218=2.6 days | | | | | | | | | | | | |
| FY 2080/081 | | Total Inpatients :-211 Total Inpatients Days:- 479 Average Length of Stay:-479/211 =2.3 days | | | | | | | | | | | | |
| FY 2081/082 | | Total Inpatients :-206 Total Inpatients Days:- 670 Average Length of Stay:-670/206 = 3.2 days | | | | | | | | | | | | |

माथिको तथ्याङ्क अनुसार तिनै आ.व.मा Neonatal Jaundice भइ उपचार गरेका शिशुको संख्या सबैभन्दा बढी र Neonatal Sepsis भएर उपचार गरेका शिशु दोश्रो क्रममा छन्। आ.व. २०७९/८० मा २१८ जना नवजात शिशुहरुले ५७३ दिन भर्ना भएर उपचार गरेका छन्, शिशुहरुको औसत अस्पताल वसाँइ २.६ दिन रहेको छ। आ.व. २०८०/८१ मा २११ जना नवजात शिशुहरुले ४७९ दिन भर्ना भएर उपचार गरेका छन्, शिशुहरुको औसत अस्पताल वसाँइ २.३ दिन रहेको छ भने आ.व. २०८१/८२ मा २०६ जना नवजात शिशुहरुले ६७० दिन भर्ना भएर उपचार गरेका छन्, शिशुहरुको औसत अस्पताल वसाँइ ३.२ दिन रहेको छ।

## सुरक्षित गर्भपतन सेवा (Safe Abortion)

यस अस्पतालले तालिम प्राप्त स्वास्थ्यकर्मी तथा विशेषज्ञ चिकित्सकद्वारा सार्वजनिक बिदा बाहेक दैनिक रुपमा निःशुल्क सुरक्षित गर्भपतन सेवा दिदै आईरहेको छ।नेपाल सरकारले तोकेको मापदण्डका आधारमा महिला सेवाग्राहीको स्वास्थ्य जाँच गरी गोप्य रुपमा १२ हप्ता सम्मको गर्भलाई मेडिकल तथा सजिर्कल विधिद्वारा सुरक्षित तरिकाले गर्भपतन सेवा दिइन्छ।



माथिको तथ्याङ्क अनुसार बार्षिक औषत ९५ जनाले सुरक्षित गर्भपतन सेवा पाएको देखिन्छ ।आ. व. २०७३/०७४ मा ४० जनाले सुरक्षित गर्भपतन सेवा लिए भने आ.व. २०८०/०८१ मा १४४ जनाले सुरक्षित गर्भपतन सेवा लिएको देखिन्छ।यसरी आठ वर्षको तथ्याङ्कको प्रवृत्तिलाई हेर्दा क्रमशः सेवा लिने सेवाग्राहीको संख्या बढ्दो क्रममा देखिन्छ। आ.व. २०८१/०८२ मा १४० जनाले सेवा लिएको देखिन्छ अघिल्ला आठ वर्षको तथ्याङ्कको प्रवृत्ति बढ्दो क्रममा थियो भने यस वर्ष अघिल्लो वर्ष भन्दा केही थोरै कम सेवाग्राहीले सेवा लिएका छन् ।

## परिवार नियोजन सेवा

यस अस्पतालले प्रबर्द्धनात्मक सेवा अन्तर्गत स्थायी र अस्थायी दुवै किसिमका परिवार नियोजन सेवा प्रदान गर्दै आइरहेको छ । अस्पतालले यो सेवा प्रदान गर्नका लागि दक्ष एवम् तालिम प्राप्त जनशक्तिको व्यवस्था गरेको छ। स्थायी र अस्थायी परिवार नियोजन सेवाका लागि अस्पतालले संस्थागत क्लिनिकबाट यो सेवा प्रवाह गराउँदै आएको छ। परिवार नियोजनका साधनहरु हाल अपनाई रहेका सेवाग्राहीको संख्यालाई देहायअनुसार उल्लेख गरिएको छ ।

| FISCAL YEAR | | 2079/080 | | | 2080/081 | | | 2081/082 | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| S. N. | Means of Contraceptive | New User | | Current User | New User | | Current User | New User | | Current User |
| | | < 20 Years | ≥ 20 Years | | < 20 Years | ≥ 20 Years | | < 20 Years | ≥ 20 Years | |
| 1 | Pills | - | 29 | 288 | - | 41 | 108 | - | 32 | 178 |
| 2 | Dipo | 1 | 43 | 610 | - | 48 | 347 | - | 124 | 630 |
| 3 | IUCD | - | 12 | 746 | - | 14 | 648 | - | 28 | 682 |
| 4 | Implant | - | 62 | 1296 | - | 59 | 1405 | - | 45 | 985 |
| **Total** | | 1 | 146 | 2940 | - | 162 | 2508 | - | 229 | 2475 |

माथि उल्लेखित तथ्याङ्क अनुसार तिनओटै आ.व. मा २० वर्ष मुनिको सेवाग्राहीको तथ्याङ्क जम्मा १ जना रहेको छ भने बाँकी सवै सेवाग्राही २० वर्ष माथिका रहेका छन् । नयाँ सेवाग्राहीको तथ्याङ्क बढ्दै गइरहेको अवस्थामा हाल अपनाइरहेका सेवाग्राहीको संख्या क्रमशः घट्दो अवस्थामा रहेको छ ।

त्यस्तै गरी परिवार नियोजन सेवा प्रदान गर्ने क्रममा खर्च भएको साधनहरुको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| Details of Expenditure of Contraceptive | | | | |
|---|---|---|---|---|
| **S.N.** | **Means of Contraceptive** | **FY 2079/080** | **FY 2080/081** | **FY 2081/082** |
| 1 | Condoms (Pieces) | 24000 | 14520 | 6050 |
| 2 | Pills (Cycles) | 228 | 130 | 159 |
| 3 | Dipo (Dose) | 98 | 92 | 149 |
| 4 | IUCD (Sets) | 12 | 19 | 28 |
| 5 | Implant (Sets) | 60 | 60 | 45 |


## गर्भवती जाँच सेवा (ANC)

यस अस्पतालमा विशेषज्ञ चिकित्सक सहित दक्ष प्रसुतिकर्मी द्वारा सार्वजनिक विदा वाहेक हप्तामा हरेक दिन गर्भवती जाँच सेवा (ANC) को सुविधा उपलव्ध छ। गत तिन आ.व. २०७९/०८०, २०८०/८१, २०८१/०८२ को तथ्याङ्कलाई विश्लेषण गर्दा आ.व. २०७९/०८० मा कुल गर्भवती जाँच २०३२ पटक देखिन्छ जसमध्ये २० वर्ष मुनिका ११६ जनाले सेवा लिएको पाइन्छ भने २० बर्ष माथिका १९१६ जनाले सेवा लिएका छन्। पहिलो पटकको जाँच ८८५ छ भने ८ पटक (प्रोटोकल अनुसार) जाँच गराउनेको संख्या १११ जना छन्। त्यस्तै आ.व. २०८०/०८१ मा कुल गर्भवती जाँच १८६७ पटक देखिन्छ जसमध्ये २० वर्ष मुनिका ९३ जनाले सेवा लिएको पाइन्छ भने २० बर्ष माथिका १७७४ जनाले सेवा लिएका छन्। पहिलो पटकको जाँच ८५७ छ भने ८ पटक (प्रोटोकल अनुसार) जाँच गराउनेको संख्या २१५ जना छन् आ.व. २०८१/०८२ मा कुल गर्भवती जाँच १९८९ पटक देखिन्छ जसमध्ये २० वर्ष मुनिका ७५ जनाले सेवा लिएको पाइन्छ भने २० बर्ष माथिका १९१४ जनाले सेवा लिएका छन्। पहिलो पटकको जाँच १०७० छ भने ८ पटक (प्रोटोकल अनुसार) जाँच गराउनेको संख्या २६३ जना छन् नयाँ प्रोटोकल अनुसार सुरक्षित मातृत्वका लागि गर्भवती समयमा ८ पटक गर्भवती जाँच गराउनुपर्ने हुन्छ तर अस्पतालको रेकर्ड अनुसार आ.व. २०७९/०८० , आ.व. २०८०/०८१ र आ.व. २०८१/०८२ मा सो संख्या पहिलो पटकको जाँचको तुलनामा ८ पटक (प्रोटोकल अनुसार) जाँच गराउनेको संख्या ज्यादै न्यून छ। अघिल्ला आ.व. का तुलनामा ८ पटक (प्रोटोकल अनुसार) जाँच गराउनेको संख्या बृद्दि हुँदै गएको देखिन्छ यसका साथै २० वर्ष मुनिका गर्भवती महिलाको संख्या क्रमशः घट्दै गएको देखिन्छ।

| FISCAL YEAR | | 2079/080 | | | 2080/081 | | | 2081/082 | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| S. N. | Visits Types | No of Clients | | | No of Clients | | | No of Clients | | |
| | | < 20 Years | ≥ 20 Years | Total | < 20 Years | ≥ 20 Years | Total | < 20 Years | ≥ 20 Years | Total |
| 1 | First Visit (Anytime) | 42 | 843 | 88 5 | 43 | 814 | 857 | 57 | 1013 | 1070 |
| 2 | Within 12 Weeks | 40 | 559 | 599 | 37 | 440 | 477 | 16 | 286 | 302 |
| 3 | Fourth Time | 28 | 409 | 437 | 11 | 307 | 318 | 1 | 353 | 354 |
| 4 | Eighth Time (According to protocol) | 6 | 105 | 111 | 2 | 213 | 215 | 1 | 262 | 263 |
| Total | | 116 | 19 16 | 2032 | 93 | 1774 | 186 7 | 75 | 1 914 | 1989 |


## अनुसन्धानात्मक सेवा

यस अस्पतालमा अनुसन्धानात्मक सेवा अन्तर्गत एक्सरे, भिडियो एक्सरे, ई.सि.जी. र प्रयोगशाला सेवा २४ सै घण्टा उपलव्ध छन्। रेडियोलोजिस्ट द्वारा भिडियो एक्सरे को सेवा प्रदान गरिएको छ। सेवाग्राहीले चिकित्सकको सिफारिसमा तोकिएको सेवा शुल्क तिरेर सेवा उपभोग गर्न सकिन्छ। DHIS-2 प्रणालीमा प्रविष्ट तथ्याङ्क अनुसार अनुसन्धानात्मक सेवा अन्तर्गत एक्सरे, भिडियो एक्सरे, ई.सि.जी. सेवा लिने सेवाग्राहीको आ.व.२०७३ /०७४ देखि आ.व.२०८१ /०८२ को तथ्याङ्कलाई तलको रेखाचित्रमा देखाइएको छ।




## प्रयोगशाला सेवा

दैनिक ३ सिफ्टमा यो सेवा अस्पतालले चौबिसै घण्टा प्रदान गर्दै आइरहको छ। अस्पतालबाट प्रदान गरिने निदानात्मक सेवा अन्तर्गत बिभिन्न किसिमका प्रयोगशाला सेवा प्रवाह गरिन्छ। यस सेवा अन्तर्गत Hematology, Parasitology, Biochemistry, Immunology, Serology, Culture सेवाहरु प्रदान गर्ने गरिन्छ। प्रयोगशालाको सेवा लिने सेवाग्राहीको आ.व.२०७३/०७४ देखि आ.व.२०८१/०८२ को तथ्याङ्कलाई लाई तलको बारग्राफमा देखाइएको छ।



माथिको तथ्याङ्कलाई विश्लेषण गर्दा बार्षिक रुपमा सेवा लिने सेवाग्राहीको संख्या क्रमशः बढ्दै गएको पाउन सकिन्छ। आ. व.२०७३/२०७४ मा २३१२३ ओटा ल्याव टेष्ट भएकोमा आ.व. २०८१/८२ मा सवैभन्दा धैरै २०९९३१ ओटा टेष्ट भएको देखिन्छ।

• **प्रयोगशालामा उपलव्ध जाँचहरु**


| HAEMATOLOGY | | HORMONE/ENDOCRINE | | | IMMUNOLOGY | |
|---|---|---|---|---|---|---|
| 1 | CBC | 1 | T3 | | 1 | Pregnancy Test (UPT) |
| 2 | HB | 2 | T4 | | 2 | ASO |
| 3 | Platelets Count | 3 | TSH | | 3 | CRP |
| 4 | DLC | 4 | LH | | 4 | RA Factor |
| 5 | ESR | 5 | FSH | | 5 | TPHA |
| 6 | Retics | 6 | Prolactin | | 6 | |
| 7 | PBS/PBF | 7 | Oestrogen | | 7 | PRPR/ |
| 8 | HbA1c | 8 | Progesterone | | 8 | VDRL |
| 9 | BT | 9 | Testosterone | | 9 | CEA |
| 10 | CT | 10 | Vit. D | | 10 | CA-125 |
| 11 | PT-INR | 11 | Vit. B12 | | 11 | CA-19.9 |
| 12 | MP Total | 12 | Others | | 12 | CA-15.3 |
| BIOCHEMISTRY | | HISTOPATHOLOGY | | | 13 | PSA |
| 1 | Sugar | 1 | Biopsy | H & E | 14 | Thyroglobulin |
| 2 | Blood Urea | | | Others | 15 | Anti TPO |
| 3 | Creatinine | 2 | Cytology | Pap | 16 | Anti-CCP |
| 4 | Sodium (Na) | | | Giemsa | 17 | RK-39 |
| 5 | Potassium (K) | BACTERIOLOGY | | | | |
| 6 | Calcium | 1 | Gram Stain | | 18 | Dengue |
| 7 | Phosphorus | 2 | Culture | Blood | | |
| 8 | Megnesium | | | Urine | 19 | Rapid MP Test |
| 9 | Uric acid | | | Body Fluid | | |
| 10 | Total Cholesterol | | | Swab | 21 | Mantoux test |
| 11 | LDL | | | Stool | | |
| 12 | Amylase | | | Water | 22 | Scrub Typhus |
| 13 | Bilirubin | | | Pus | 23 | H. Pylori |
| 14 | SGPT | | | Sputum | 24 | Leptospira |
| 15 | Alk Phos | | | CSF | 25 | Widal Test |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 16 | SGOT | 3 | Other AFB | | PARASITOLOGY | |
| 17 | Total Protein | VIROLOGY | | | 1 | Stool R/E |
| 18 | Iso-Trop-I | 1 | HIV RDT | | 2 | Occult blood |
| 19 | Creatinine Clearance | 2 | HBSAg RDT | | 3 | Urine R/E |
| 20 | HDL | 3 | HCV RDT | | 4 | Acetone |
| 21 | Triglycerides | | | | 5 | Semen anlysis |


## खोप सेवा (Vaccination Service)

खोप सेवा (Vaccination Service) भन्नाले मानिसहरूलाई खोपवाट बचाउन सकिने कतिपय रोगहरूको नियन्त्रण, निवारण र उन्मूलन लागि प्रदान गरिने खोप (vaccine) सम्बन्धी सेवा हो। खोपबाट बचाउन सकिने विभिन्न रोगहरू लाग्ने दरमा उल्लेखनीय रुपमा कमी ल्याई ती रोगहरूको कारणबाट हुने अपाङ्गता र बाल मृत्यु दर घटाउनु नै खोप कार्यक्रमको लक्ष्य हो। यो सेवाको उद्देश्य जनस्वास्थ्यलाई सुधार गर्नु हो। यो कार्यक्रम नेपाल सरकारको पहिलो प्राथमिकता प्राप्त कार्यक्रमहरू मध्येको एक हो। खोप कार्यक्रमले शिशु मृत्यु दर, बालमृत्यु दर र मातृ मृत्यु दर घटाउनमा बिशेष योगदान पुर्याउँछ। राष्ट्रिय खोप कार्यक्रमको लक्ष्य हासिलगर्न देशभरीका सबै स्थान र वर्ग–समुदायसम्म खोप सेवाको पहुँच भएको हुनु पर्दछ। त्यसैगरी लक्षित व्यक्ति सबैले हरेक खोपको पूर्ण मात्रा लिन जरुरी हुन्छ।

राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत यस अस्पतालबाट प्रदान गरिने खोप सेवा हरेक महिनाको २,९,१६ र २४ गते उपलब्ध गराइन्छ। आ.व.२०८१/०८२ मा यस अस्पतालबाट प्रदान गरिएको खोप सेवाका कुल सेवाग्राहिको तथ्याङ्कलाई तलको वृत्तचित्रमा प्रस्तुत गरिएको छ।



आ.व.२०८१/०८२ मा यस अस्पतालबाट प्रदान गरिएको खोप सेवाका कुल पुर्ण खोप प्राप्त वालवालिकाको तथ्याङ्कलाई तलको वारग्राफमा प्रस्तुत गरिएको छ।





## फिजियोथेरापी सेवा ( Physiotherapy Service)

यस अस्पतालमा आ.व. २०८१/०८२ देखि फिजियोथेरापी सेवाको सुरुवात भएको हो। फिजियोथेरापी भनेको भौतिक चिकित्सा विधी हो।फिजियोथेरापी विना साइड इफेक्ट द्वारा उपचार गरिने पद्दति हो। फिजियोथेरापी उपचार विधिमा विभिन्न किसिमका उपकरणहरु जस्तै TENS, IFT, UST, Cycling, MST, Trade Mill, CPM आदिको प्रयोग गरिन्छ। यस शाखामा ढाँड दुख्ने, घाँटी दुख्ने, गर्दन दुख्ने, जोर्नीहरु दुख्ने, हाड खिइएको, हातखुट्टा झमझमाउने, नसा च्यापिएको आदिजस्ता समस्या रहेका विरामीहरुको भौतिक विधिद्वारा उपचार गरिन्छ।


विरामीले सेवा लिन आउदा पहिला OPD टिकट लिएर चिकित्सकलाई देखाएर अथवा सिधै फिजियोथेरापी शाखामा सेवा लिन आउन सक्छन्। चिकित्सकले प्रेषण गरेका विरामी वा अन्य अस्पतालवाट फिजियोथेरापी गर्न पर्ने विरामी पनि यस शाखामा सेवा लिन आउछन्।

आ.व. २०८१/०८२ मा यस शाखामा कुल ५९० जना सेवाग्राहीले सेवा लिएका छन्। सेवाको सुरुवातका लागि उपकरण जनशक्तिको व्यवस्थापन गर्दा सेवाको सुरुवात मंसिर महिनावाट हुन गएको थियो।




## आँखा स्वास्थ्य सेवा (Eye Health Service)

यस अस्पतालमा आ.व. २०८१/०८२ देखि आँखा स्वास्थ्य सेवाको सुरुवात भएको हो । गण्डकी प्रदेश स्वास्थ्य मन्त्रालयको दिर्घकालिन योजना मध्येको एक योजना अन्तर्गत यस अस्पतालमा पनि यो सेवाको सुरुवात भएको हो। गत वर्ष मात्र सुरु भएको यस सेवामा कुल ७३८ जना सेवाग्राहीले सेवा उपभोग गरेका छन्।



## Continue Medical Education(CME) निरन्तर चिकित्सा शिक्षा

CME भनेको निरन्तर चिकित्सा शिक्षा हो। यो एक प्रकारको निरन्तर शिक्षा हो जसले चिकित्सक तथा स्वास्थ्यकर्मीहरूलाई उनीहरूको योग्यता कायम राख्न र चिकित्सा क्षेत्रमा नयाँ विकासहरू बारे जान्न मद्दत गर्दछ। CME ले स्वास्थ्यकर्मीहरूलाई आफ्ना बिरामीहरूको लागि नवीनतम प्रमाणमा आधारित उपचार योजनाहरूको साथ अद्यावधिक रहन मद्दत गर्दछ। स्वास्थ्य सेवा प्रणालींमा निरन्तर नविनतम तथ्य एवं प्रमाणहरु प्रमाणित भई कार्यान्वयनमा आएका हुन्छन्। यस कार्यक्रमको माध्यमबाट चिकित्सक तथा स्वास्थ्यकर्मीहरुलाई नविनतम ज्ञान, सीप, धारणा र दक्षता अभिबृद्धी गर्ने उद्देश्यले यस कार्यक्रम प्रदेश सरकारवाट अस्पतालमा संचालन भएको छ। यस कार्यक्रमको माध्यमबाट नविनतम जानकारी आदान प्रदान गरी अस्पतालमा कार्यरत चिकित्सक, नर्स, स्वास्थ्यकर्मीहरु लागायतका प्राविधिक कर्मचारीहरुको ज्ञान सिप बृद्धि गर्न यस अस्पतालले आ.व. २०८१/८२ मा २५ ओटा कार्यक्रम सञ्चालन गरेको थियो। CME कार्यक्रम तपशिल बमोजिमका शिर्षकमा सञ्चालन भएका थिए:-

| S. N. | Date | Topics | Resource Persons |
|---|---|---|---|
| 1 | 2081/06/13 | Way to reduce maternal mortality rate | Dr. Dharma Dev Dhakal |
| 2 | 2081/06/22 | Pre Malignant Lesion of Cervix | Dr. Ashmita Pathak |
| 3 | 2081/07/13 | Dengue | Dr. Bibek Lamichhane |
| 4 | 2081/07/21 | CPAP | Dr. Nirmala Rimal |
| 5 | 2081/07/28 | Emergency Drug | Dr. Pratikshya Dawadi |
| 6 | 2081/08/05 | Periodontal Disease | Dr. Kusum Baral |
| 7 | 2081/08/12 | Fast Scan | Dr. Prabin Ghimire |
| 8 | 2081/08/25 | Waste Management | Sayesha Adhikari |
| 9 | 2081/08/26 | Rabies | Dr. Bigyan Lamichhane |
| 10 | 2081/09/01 | Overview of Management and Conflict Management | Dr. Raviraman Neupane |
| 11 | 2081/09/12 | PMTCT | HNS Anju Regmi |
| 12 | 2081/09/24 | Dental Myths VS Facts | Dr. Kusum Baral |
| 13 | 2081/10/02 | Non Communicable Disease | HNS Anju Regmi |
| 14 | 2081/10/03 | Anal Fissure | Dr. Nabin Regmi |
| 15 | 2081/10/07 | Anger Management | Sudip Ghimire |
| 16 | 2081/10/11 | Epistaxis | Dr. Milan Shrestha |
| 17 | 2081/11/06 | Labour Care Guide-WHO | Dr. Ashmita Pathak |
| 18 | 2081/11/08 | Labour Care Guide-WHO | HNS Anju Regmi |
| 19 | 2081/11/19 | Dental Caries | Dr. Kusum Baral |

| | | | |
|---|---|---|---|
| 20 | 2081/11/28 | High Altitude Sickness | Dr. Sujan Timilsina |
| 21 | 2081/12/02 | Rational Use of Antibiotics | Dr. Sujan Timilsina |
| 22 | 2081/12/20 | Aproach to Skin Lesions and Dermatological Emergencies | Dr. Bigyan Lamichhane |
| 23 | 2082/01/10 | Fever, is it a Friend or Foe | Dr.Rojina Poudel |
| 24 | 2082/01/17 | Airway Management | Dr. Pratikshya Dawadi |
| 25 | 2082/03/04 | Basic Life Support | Dr. Bigyan Lamichhane |

## Continue Professional Development (CPD) निरन्तर व्यावसायिक विकास

CPD भनेको निरन्तर व्यावसायिक विकास हो । CPD को उद्देश्य  पेशाप्रति आफ्नो ज्ञान, बुझाइ, समस्या समाधान, कार्यसम्पादन र प्राविधिक सीपहरूको विकास जारी राख्नु हो । औपचारिक प्रशिक्षण पूरा गरेपछि ज्ञान विस्तार हुन्छ । स्वास्थ्य सेवाको क्षेत्रमा CPD महत्त्वपूर्ण छ । चाहे  एक अनुभवी डाक्टर, एक नवोदित नर्स  वा कुनै पनि स्वास्थ्यकर्मी  नवीनतम चिकित्सा प्रगतिहरू, प्रविधिहरू  र उत्कृष्ट अभ्यासहरूसँग अद्यावधिक रहनु अत्यावश्यक रहन्छ ।

एक दशक पहिले आफ्नो क्यारियर सुरु गरेका डक्टर, नर्स वा कुनै पनि स्वास्थ्यकर्मी, प्रारम्भिक प्रशिक्षणमा सिकेका चिकित्सा उपकरणहरू, प्रक्रियाहरू, र बिरामी हेरचाह विधिहरू पनि अब पुरानो हुन सक्छ वा थप उन्नत प्रविधिहरूसँग प्रतिस्थापित हुन सक्छ । CPD मा संलग्न भएर यो सुनिश्चित गर्न सकिन्छ कि स्वास्थ्यकर्मीहरू पछाडि छोडिएका छैनन् । नवीनतम प्रविधिहरूका कार्यशालामा उपस्थित भएर वा नयाँ बिरामी व्यवस्थापन प्रणालीको बारेमा अनलाइन पाठ्यक्रम लिएर पनि व्यावसायिक क्यारियर अगाडि बढाउन सक्छन् । यो सवै CPD कार्यमा पर्दछ ।

यस कार्यक्रमको माध्यमबाट चिकित्सक,नर्स तथा स्वास्थ्यकर्मीहरुलाई आफ्नो व्यावसायिक क्यारियरमा नविनतम ज्ञान, सीप, धारणा र दक्षता अभिबृद्धी गर्ने उद्देश्यले यस कार्यक्रम प्रदेश सरकारवाट अस्पतालमा संचालन भएको छ । यस कार्यक्रमको माध्यमबाट नविनतम जानकारी आदान प्रदान गरी अस्पतालमा कार्यरत चिकित्सक, नर्स, स्वास्थ्यकर्मीहरु लगायतका प्राविधिक कर्मचारीहरुको ज्ञान सिप बृद्धि गर्न यस अस्पतालले आ.व. २०८१/८२ मा १३ ओटा कार्यक्रम सञ्चालन गरेको थियो । CPD कार्यक्रमहरु तपशिल बमोजिमका शिर्षकहरुमा सञ्चालन भएका थिए:-

| S.N. | Date | Topics | Resource Persons |
|---|---|---|---|
| 1 | 2081/06/20 | Tracheostomy Care | Dr. Milan Shrestha<br>Anju Regmi |
| 2 | 2081/06/23 | Tracheostomy Care | Dr. Milan Shrestha<br>Anju Regmi |
| 3 | 2081/07/26 | Pain Management | Sangita Adhikari<br>Anju Regmi |
| 4 | 2081/07/29 | Pain Management | Dr. Raviraman Neupane<br>Anju Regmi |


| S.N. | Date | Topics | Resource Persons |
|---|---|---|---|
| 5 | 2081/08/16 | Blood Transfusion | Anju Regmi<br>Sayesha Adhikari |
| 6 | 2081/09/19 | Legal and Ethical aspect of Nursing | Sangita Adhikari<br>Anju Regmi |
| 7 | 2081/10/30 | Suctioning | Dr. Milan Shrestha<br>Anju Regmi |
| 8 | 2081/11/16 | Care of Unconscious Patients | Anju Regmi<br>Sangita Adhikari |
| 9 | 2081/11/29 | Oxygen Therapy | Sayesha Adhikari<br>Anju Regmi |
| 10 | 2081/12/24 | Infection Prevention And Contro | Sayesha Adhikari<br>Melisha Rana |
| 11 | 2082/01/15 | Pre and Post Operative Care | Anju Regmi<br>Melisha Rana |
| 12 | 2082/02/30 | Basic Life support | Dr. Milan Shrestha<br>Dr. Bigyan Lamichhane<br>Anju Regmi |
| 13 | 2082/03/02 | Basic Life support | Dr. Milan Shrestha<br>Dr. Bigyan Lamichhane<br>Anju Regmi |

## स्वास्थ्य बीमा कार्यक्रम

नेपालको संविधानले आधारभूत स्वास्थ्य सेवालाई निशुल्क र सामाजिक सुरक्षाको हक प्रदान गरेको छ । बर्तमान संबिधानको धारा ५१(ज) मा नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति अन्तर्गत नागरिकको स्वास्थ्य बीमा सुनिश्चित गर्दै स्वास्थ्य उपचारमा पहुँचको व्यवस्था मिलाउने उल्लेख छ । गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने नागरिकको अधिकारको संरक्षण गर्न, स्वास्थ्य बीमाद्वारा पूर्व भुक्तानीको माध्यमबाट बीमितको आर्थिक जोखिम न्यूनीकरण गर्न तथा स्वास्थ्य सेवा प्रदायकको दक्षता र जवाफदेहीता अभिवृद्धि गरी स्वास्थ्य सेवामा आम नागरिकको सहज पहुँच सुनिश्चित गर्न स्वास्थ्य बीमा ऐन २०७४ जारी भइसकेको छ । यस कार्यलाई थप ब्यबस्थित गर्न स्वास्थ्य बीमा नियमावली २०७५ समेत पारित हुनु स्वास्थ्य बीमा कार्यक्रमकोलागि एउटा महत्वपूर्ण खुट्किलो हो । यस नियमावलीले हालको सुविधाको थैलीलाई दुइ गुणाले वृद्धि गनुकोसाथै ज्येष्ठ नागरिकको लागि सरकारले नै बीमा प्रिमियम तिरिदिने गरी छुट्टै एकाइको रुपमा वार्षिक रु एक लाख बराबरको स्वास्थ बीमाको व्यवस्था गरिएको छ । स्वास्थ्य बीमा कार्यक्रम स्वास्थ्य सेवा उपयोगको क्रममा हुने अनियोजित खर्चको जोखिमलाई अग्रीम ब्यबस्थापन गर्दै बित्तीय संरक्षण प्रदान गर्ने अवधारणा अन्तर्गत सरकारले ल्याएको सामाजिक


सुरक्षाको एक महत्वपूर्ण कार्यक्रम हो । समस्त नेपाली नागरिकलाई सर्वसुलभ रुपमा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न र स्वास्थ्य सेवा उपभोगमा सुधार ल्याउनका लागि सामाजिक स्वास्थ्य बीमाको आधारमा सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित गर्ने उद्देश्यका साथ २०७२ सालमा सामाजिक स्वास्थ्य सुरक्षाका रुपमा शुरुवात भएको यो कार्यक्रम हाल स्वास्थ्य बीमा बोर्डले संचालन गर्दै आएको छ ।

यस अस्पतालमा पनि स्वास्थ बीमा कार्यक्रम आ.व. २०७४/०७५ वाट नै सञ्चालनमा आएको छास्वास्थ्य विमाका सेवाग्राहीलाई स्वास्थ बीमा कार्यक्रमले निर्दिष्ट गरेका सुबिधाहरुलाई सहज रुपमा प्रदान गरिएको छ । अनावश्यक भिडलाई कम गर्न टोकन सिष्टमका साथै प्रतिक्षा हलको सुबिधासहित सहजकर्ताको पनि उपलव्धता छ ।




माथिको तथ्याङ्कलाई विश्लेषण गर्दा आ.व. २०७४/०७५ मा कुल सेवाग्राही ११८६६ हुँदा स्वास्थ बीमाका विमित बिरामीको संख्या ३०९९ थियो जुन कुल सेवाग्राहीको २६.१% हुन आउँछ त्यस्तै आ.व. २०८१/०८२ को अन्त्यमा कुल सेवाग्राही ५९०२७ हुँदा स्वास्थ बीमाका विमित बिरामीको संख्या ४२१६९ रहेको छ जुन कुल सेवाग्राहीको ७१.४% हुन आउँछ । यसरी तथ्याङ्कको प्रवृत्तीलाई हेर्दा सेवाग्राहीको संख्या वृद्दि सँगसँगै स्वास्थ बीमाका विमित बिरामीको संख्या र प्रतिशत पनि वृद्धि हुँदै गइरहेको देखिन्छ ।

आ.व. २०८१/०८२ मा मासिक रुपमा स्वास्थ बीमा कार्यक्रमबाट सेवा लिने सेवाग्राहीलाई तथ्याङ्कलाई तलको वृत्तचित्रमा प्रस्तुत गरिएको छ ।




स्वास्थ बीमा कार्यक्रम एक प्रभावकारी कार्यक्रम हुदा हुदै पनि बिभिन्न कारणले गर्दा लोकप्रियता कमाउन सकेको छैन। सेवा प्रदायक संस्थाहरुमा आवश्यक औषधी, ल्याव टेष्ट उपलव्ध नहुनु, अनावश्यक भिड तथा सेवा लिन झन्झटिलो व्यवस्थाका कारण बिमित हरुमा नैराश्यता बढ्दै गइरहेको छ। आर्थिक हिसावले महङ्गा औषधी तथा ल्याव टेष्टहरु उपलव्ध हुन नसक्दा आर्थिक स्तर न्युन भएका लक्षित वर्गलाई नै यो कार्यक्रम लाभदायक बन्न सकेको छैन। यसले गर्दा यो कार्यक्रमको प्रभाबकारिता माथि नै प्रश्न चिन्ह खडा भइरहेको छ।

त्यस्तै सेवा प्रदायक संस्थाहरुमा पनि समयमा नै विमा दावी रकम उपलव्ध नहुने, नियम स्पष्ट नभएकाले दावी गरेको रकम अनावश्यक रुपमा घटेर आउने र संस्थाले आर्थिक घाटा बेहोर्नुपर्ने, अर्को तर्फ विमित विरामीका गुनासाहरु, अनि अभिभावक संस्था समस्या समाधानमा मौन रहनु आदिजस्ता कारणले पनि सेवाप्रदायक संस्थामा पनि नैराश्यता उत्पन्न भएको छ।

## अस्पतालका मुख्य सुचकहरू

| S.N | Indicators | 075/076 | 076/077 | 077/078 | 078/079 | 079/080 | 080/081 | 081/082 |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Total Delivery | 588 | 574 | 709 | 527 | 716 | 567 | 604 |
| 2 | LSCS Delivery | 128 | 134 | 236 | 115 | 177 | 131 | 169 |
| 3 | Vacuum Delivery | 24 | 12 | 5 | 4 | 6 | 6 | 12 |
| 4 | Normal Delivery | 436 | 428 | 468 | 408 | 533 | 430 | 423 |
| 5 | Total Clients Served | 18493 | 21142 | 22666 | 35756 | 46915 | 50395 | 59027 |

| S.N | Indicators | 075/076 | 076/077 | 077/078 | 078/079 | 079/080 | 080/081 | 081/082 |
|---|---|---|---|---|---|---|---|---|
| 6 | Hospital LSCS rate | 21.76 | 21.76 | 33.28 | 21.82 | 24.72 | 23.1 | 27.9 |
| 7 | Hospital beds occupancy rate | 51 | 32 | 27 | 37 | 33.42 | 27.16 | 42.2 |
| 8 | Average length of stay in hospital | 2.25 | 2.10 | 2.1 | 2.6 | 2.39 | 2.53 | 2.8 |
| 9 | Total laboratory test | 59365 | 86133 | 91990 | 138276 | 155391 | 163746 | 209931 |
| 10 | Average number of laboratory test per day | 190 | 218 | 224.5 | 335 | 425 | 445.4 | 575 |
| 11 | Average number of radio- graphic image per day | 13.3 | 13.5 | 17.4 | 30.1 | 34 | 32.39 | 16 |
| 12 | Total USG service | 3844 | 3888 | 5639 | 7119 | 7371 | 6595 | 7315 |
| 13 | Average number of USG per day | 10.5 | 10.7 | 15.4 | 19.2 | 20 | 18 | 20 |
| 14 | % of Emergency services among total OPD | 19 | 18 | 10.75 | 9.43 | 6.55 | 5.14 | 8.2 |
| 15 | Hospital maternal death | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 16 | Througput | 90 | 60 | 45 | 54 | 50.16 | 42 | 55 |
| 17 | Inpatient sex ratio | 1:11.39 | 1:7.2 | 1:5.53 | 1:2.65 | 1:4.26 | 1:4.87 | 1:3.22 |
| 18 | OPD patient sex ratio | 1:1.77 | 1:1.76 | 1:1.93 | 1:1.58 | 1:1.59 | 1:1.58 | 1:1.54 |
| 19 | Percentage of popn utilizing OPD service* | 71 | 81 | 84 | 100 | 100 | 100 | 100 |
| 20 | Doctor OPD patient ratio | 1579 | 1504 | 1273.4 | 3576 | 4691 | 3150 | 3332 |
| 21 | Doctor inpatient ratio | 91 | 82 | 107.9 | 130 | 250 | 138 | 143 |
| 22 | Nurse Inpatient ratio | 58 | 41 | 53.95 | 65 | 83.6 | 33 | 76 |

- आ.व. २०७५/०७६ देखि आ.व. २०८१/०८२ सम्मका अस्पतालका मुख्य सुचकहरुलाई माथिको तालिकामा प्रस्तुत गरिएको छ।
- माथिको तालिकामा भएको तथ्याङ्कका आधारमा हरेक वर्षमा सेवाग्राहीको संख्या (बहिरङ्ग, अन्तरङ्ग, आकस्मिक, स्वास्थ्य विमाका विमित, प्रयोगशाला आदि सेवाका) क्रमशः बढ्दै गएको देखिन्छ।
- हालसम्मको तथ्याङ्क अनुसार यस अस्पतालमा सेवा लिन आउने कुनै पनि आमाले शिशुलाई जन्म दिने क्रममा हुने जटिलताका कारण अकालमै ज्यान गुमाउनु परेको छैन। स्थापना वर्षदेखि हालसम्मको तथ्याङ्क अनुसार मातृमृत्यु शुन्य रहेको छ।
- शल्यक्रियावाट हुने प्रसुतिको दर २५% भन्दा कम नै रहेकोमा आ.व. २०७७/०७८ मा भने ३३.२८ थियो भने आ.व.२०८१/०८२ मा २७.९% रहेको छ।
- हरेक बिरामीको अस्पताल बँसाई को औसत बँसाइ दर २-३ दिनको बिचमा रहेको छ।

- प्रयोगशाला जाँच, एक्सरे, भिडियो एक्सरे को दैनिक जाँच संख्या क्रमशः बढ्दो क्रममा रहेको छ।

## आ.व.२०८१/०८२ मा भएका मुख्य उपलब्धीहरु

१. गण्डकी प्रदेशमा नै पहिलोपटक मातृ तथा शिशु स्वास्थ्यको लागि स्तन हेरचाह तथा परामर्श का लागि (BCU) को स्थापना
२. EMR को software परिवर्तन गरी WHO को सहयोगमा नयाँ Software BAHMNI को जडान गरी सञ्चालनमा ल्याइएको छ।
३. उपकरण र जनशक्ती सहित नाक, कान, घाँटी (ENT) सेवा थप गरिएको छ साथै सामान्य तथा जटिल शल्यक्रिया द्वारा उपचार सेवा प्रदान गरिएको छ।
४. अस्पताल भवनको भौतिक सुधार, मर्मत तथा रङ्गरोगन गरिएको छ।
५. रिसेप्सन (बिलिङ्ग काउन्टर) सेवाको विस्तार गरी २४ सै घण्टा सञ्चालन गरिएको छ।
६. जनशक्ति र उपकरण सहित फिजियोथेरापी सेवा र आखाँ उपचार सेवा सञ्चालनमा ल्याइएको छ।
७. "अस्पताल गठन आदेश -२०८०" अनुसार नयाँ अस्पताल व्यवस्थापन समितिको पदस्थापन भएको छ।
८. 500MA DR System X-Ray Machine को खरिद गरिएको।
९. ल्याप्रोस्कोपी मेसिन खरिद
१०. तिन व्याच SBA तालिम सञ्चालन तथा सम्पन्न
११. Simulation Lab को स्थापना तथा आवश्यक सामाग्री खरिद
१२. ल्याप्रोस्कोपी मेसिनद्वारा गरिने शल्यक्रियाको सुरुवात
१३. वालमैत्री वच्चावार्डको लागि आवश्यक वालमैत्री खेलौना सामग्री आदि खरिद
१४. सरकारी दरबन्दी नभएतापनि अस्पताल व्यवस्थापन समितिले आर्थिक भार व्यहोर्ने गरि हाडजोर्नी र सर्जिकल सेवा निरन्तरता गरिएको
१५. MNH तालिम सञ्चालन
१६. स्तन हेरचाह तथा परामर्श तालिम सञ्चालन
१७. निसन्तान दम्पतिको परिक्षणका लागि मेसिनरी सामाग्री खरिद (Centrifuge, Microscope, Sperm Counting Chamber, Incubator, Healing Block, Airflow Laminar etc)
१८. RAMP निर्माणको प्रक्रिया अन्तिम चरणमा रहेको

## अस्पतालका सवल पक्षहरु

१. रेडियोलोजिस्ट द्वारा २४सै घण्टा भिडियो एक्सरे सेवा
२. २४सै घण्टा (आकस्मिक सेवा, फार्मेसी सेवा, प्रयोगशाला सेवा,रेडियोलोजि सेवा)
३. विशेषज्ञ चिकित्सक सहित नवजात शिशु विशेष उपचार कक्ष
४. अस्पताल सुरक्षाका लागि २४ सै घण्टा सुरक्षा गार्ड सहित CCTV सर्भिलेन्सको व्यवस्था
५. महानगरसँगको समन्वयमा फोहोरमैलाको उचित व्यवस्थापन
६. SBA Training Center
७. अस्पतालप्रति समुदाय तथा सेवाग्राहीको सकारात्मक सोच तथा विश्वास
८. अस्पतालको विकासका लागि सकारात्मक सोच सहित सक्रिय अस्पताल व्यवस्थापन समिति

९. विशेषज्ञ चिकित्सक तथा दक्ष प्रसुतिकर्मी द्वारा २४सै घण्टा सामान्य तथा शल्यक्रियाद्वारा जटिल प्रकारको प्रसुति सेवा उपलव्ध
१०. अस्पताल परिसरभित्रै चमेना गृहको व्यवस्था
११. मातृशिशु प्रतिक्षा गृहको व्यवस्था

## अस्पतालका चुनौतीहरु

१. समय सापेक्ष O& M हुन नसक्नु र भएको स्विकृत स्थाइ दरवन्दीमा पनि पदपुर्ती हुन नसक्नु
२. अस्पताल व्यवस्थापन समिति कोषमा प्रयाप्त रकम नहुनु
३. अस्पतालको स्तरोन्नती
४. जनशक्तिको व्यवस्थापन (सुरक्षा, दिगोपना, करार कार्यविधी)
५. सेवाहरुको दिगोपना
६. आवासगृहको अभाव
७. गुणस्तरिय सेवाको कमी
८. नितिगत व्यवस्था
   - Free Medicine/ विमाको व्यवस्थापन
   - Clinical Protocol
   - विमाको सोधभर्ना समन्वयको कमी
९. सर्जिकल तथा इलेक्ट्रोनिक्स औजार उपकरण खरिदका लागि छुट्टै बजेटको व्यबस्था नहुनु
१०. भौतिक संरचना तथा स्थान अभावका कारण फोहोरमैला व्यवस्थापनमा कठीनाई
११. सेवा विस्तारका लागि भौतिक संरचना अपुग

## अस्पतालका आगामी कार्ययोजनाहरू

| क्र.स. | कार्यक्रम | कार्यहरू | उदेश्य |
|---|---|---|---|
| १ | जनशक्ति व्यवस्थापन | अस्पतालको सेवा विस्तार तथा गुणस्तरिय सेवा प्रवाहका लागि नर्सिङ्ग, पारामेडिक्स तथा चिकित्सक व्यवस्थापन | स्वास्थ्य सेवा विस्तार |
| २ | मर्मत सम्भार | • नयाँ एक्सरे कोठाको व्यवस्थापन<br>• अक्सिजन पाइपलाईनको विस्तार<br>• नयाँ ट्रान्सफर्मर जडान<br>• शौचालय,पिउने पानी, प्रतिक्षालय सुधार<br>• RAMP व्यवस्थापन | गुणस्तरिय सेवा प्रवाह |
| ३ | सेवा विस्तार | • शल्यक्रिया कक्ष व्यवस्थापन<br>• वार्डहरूलाई एकत्रित गर्ने<br>• मानसिक स्वास्थ्य सेवा विस्तार<br>• HDU संचालन<br>• वच्चा वार्ड विस्तार /थप्ने<br>• SNCU को स्तरवृद्दि<br>• OPG , USG मेसिन खरिद | नागरिकका लागि स्वास्थ्य सेवाको सहज पहुँच |
| ४ | निःशुल्क स्वास्थ्य शिविर कार्यक्रम | स्वास्थ्य शिविर | ग्रामिण क्षेत्रमा सेवा विस्तार |
| ५ | EMR | Digital Reporting and Patient Card | Digitalization |
| ६ | PPP | फोहोरमैला व्यवस्थापन घर निर्माण र अन्य | अस्पताल परिसर सफा राख्ने |
| ७ | कर्मचारी पुनर्ताजगी कार्यक्रम | तालिम, भ्रमण तथा गोष्ठी | दक्षता अभिवृद्दि तथा उत्प्रेरणा |
| ८ | औषधी, रसायन तथा उपकरण | वार्षिक खरिद प्रक्रिया इलेक्ट्रोनिक खरिद | अस्पतालमा औषधीको सहज उपलव्धता तथा मितव्ययिता |

# तस्बिरहरु



अस्पताल गठन आदेश २०८० अनुसार अस्पताल व्यवस्थापन समितिको पदस्थापना तथा बिदाई





The Minister of Health of Gandaki Province, the Secretary of ministry of Health, other employees of the Ministry of Health, Medical Superintendent of Matrishishu Miteri hospital, the officials of the hospital manageent committee visited Joubari to inspect the land.






अस्पतालको आठौँ वार्षिकोत्सवको अवसरमा अस्पतालमा आयोजित रक्तदान कार्यक्रमको झलक







**ENT Cases**







**First Case of Laparoscopic Surgery**





मातृशिशु मितेरी प्रादेशिक अस्पताललाई JPP अन्तर्गतको परियोजनाबाट एक कार्यक्रम बिच मातृशिशु बाल स्वास्थ्य हाते पुस्तिका सहयोग हस्तान्तरण






मातृशिशु मितेरी अस्पताल कास्की पोखरा मेडिकल सुपरिटेन्डेन्ट, अस्पतालका कर्मचारीहरु र KOICA Nepal संस्थाका प्रतिनिधिहरु स्वास्थ्य सेवामा गर्न सकिने सहकार्य विषयमा छलफल पछि






HMIS को समिक्षा कार्यक्रम





ENT OPD





आँखा रोग विशेषज्ञ सेवाको लागि दृष्टि आँखा अस्पताल पोखरा सङ्गको सहकार्य






स्तन हेरचाह तथा परामर्श कक्ष





स्तन हेरचाह तथा परामर्श कक्षको उद्घाटन समारोह










SBA/SHP Training





Physiotherapy Service





General Ward





नर्सिङ विद्यार्थीहरुद्वारा स्वास्थ्य सचेतना सम्बन्धि प्रदर्शन





नयाँ एक्सरे मेसिनको उद्घाटन गर्नुहुँदै अस्पताल व्यवस्थापन समितिका अध्यक्ष लिलाधर पौडेल ज्यू






CPD Programme







प्रसूति तथा स्त्रीरोग सम्बन्धी शल्यक्रिया (Fibroid Uterus)




गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रादेशिक स्वास्थ्य निर्देशनालय
फोन : ०६१-४४३१४४
Email- maternityhospitalpk.com
Website- msmhospital.gov.np
मातृशिशु मितेरी प्रादेशिक अस्पताल
कास्की, पोखरा
जोखिमरहित वा सामान्य स्वास्थ्यजन्य फोहरको वर्गीकरण
१. कुहिने फोहर
२.नकुहिने फोहर
जोखिमयुक्त फोहरको वर्गीकरण......
१. सङ्क्रामक फोहर
२. धारिलो फोहर
वर्गीकरण (क्रमशः)
३. प्याथोलोजिकल फोहर
४. औषधिजन्य फोहर
५. जेनो–टक्सिक साइटोटक्सिक फोहर
६. रसायनिक फोहर
७. रेडियोधर्मी फोहर


सुझाव
पेटिका
MSMH



गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रादेशिक स्वास्थ्य निर्देशनालय
मातृशिशु मितेरी प्रादेशिक अस्पताल
पोखरा, कास्की
फोन नं.: ०६१-४४३१४४, ४४३३३३
Website: https://msmhospital.gov.np, E-mail : maternityhospitalpk@gmail.com

# नागरिक वडा पत्र

| क्र स. | सेवाको किसिम | सेवा लिने प्रक्रिया | लाग्ने दस्तुर | सेवा उपलब्ध समय | सेवासँग सम्बन्धित विभाग | सेवासँग जिम्मेवार व्यक्ति | गुनासो तथा सुझाव भएमा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | इमर्जेन्सी सेवा | काउन्टरबाट तोकिएको इमर्जेन्सी सेवा कार्ड लिन | तोकिएको दस्तुर | २४ सै घण्टा | इमर्जेन्सी | इमर्जेन्सी इन्चार्ज | शाखा प्रमुख/ मे . सु | |
| २ | बहिरङ्ग सेवा (प्रसुती तथा स्त्री रोग, बाल रोग जनरल मेडिसिन, डेन्टल, हाड जोर्नी, नाक, कान घाँटी(ENT) सेवा, आँखा सम्बन्धी सेवा, सर्जरी | काउन्टरबाट तेकिएको दस्तुर बुझाइ ओ.पि. डि. सेवा कार्ड लिने | तोकिएको दस्तुर | सार्वजनिक बिदा बाहेक अन्य दिन | बहिरङ्ग विभागहरू | सम्बन्धित चिकित्सकहरू | शाखा प्रमुख/ मे . सु | |
| ३ | पूर्व प्रसुति सेवा | काउन्टरबाट तेकिएको दस्तुर बुझाइ ओ.पि. डि. सेवा कार्ड लिने | तोकिएको दस्तुर | सार्वजनिक बिदा बाहेक अन्य दिन | पुर्व प्रसुति सेवाकक्ष | सम्बन्धित चिकित्सकहरू/ स्टाफ | शाखा प्रमुख/ मे . सु | |
| ४ | सुत्केरी सेवा | काउन्टरबाट नाम दर्ता गराइ सिधै प्रसुति प्रशव कक्षमा जाने | नि: शुल्क | २४ सै घण्टा | प्रसुति विभाग | नर्सिङ इन्चार्ज | नर्सिङ इन्चार्ज/मे . सु | |

| क्र स. | सेवाको किसिम | सेवा लिने प्रक्रिया | लाग्ने दस्तुर | सेवा उपलब्ध समय | सेवासँग सम्बन्धित विभाग | सेवासँग जिम्मेवार व्यक्ति | गुनासो तथा सुझाव भएमा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ५ | मेजर अपरेसन गरि सुत्केरी गराउने सेवा | काउन्टरबाट नाम दर्ता गराइ अन्तरङग विभाग र पूर्व अपरेशन बार्डमा जाने | नि: शुल्क (जनरल बेडमा बस्ने बिरामीका लागि | इमर्जेन्सी परेमा २४ सै घण्टा र अन्य परिस्थितीमा अवश्यकतानुसार | अपरेशन कक्ष/प्रसुति विभाग | सम्बन्धित चिकित्सक तथा नर्सिङ इन्चार्ज | नर्सिङ इन्चार्ज/ सम्बन्धित चिकित्सक / मे. सु | |
| ६ | माइनर तथा मेजर अपरेशन सेवा | काउन्टरबाट नाम दर्ता गराइ अपरेसन कक्षमा जाने | तोकिएको दस्तुर | सार्वजनिक बिदा बाहेक अन्य दिन आवश्यकता अनुसार तथा इमर्जेन्सीकै हकमा २४ सै घण्टा | ओ.पि.डि. इमर्जेन्सी, इण्डोर | शाखा प्रमुख | सम्बन्धित चिकित्सक /मे . सु | |
| ७ | एक्सरे सेवा | चिकित्सकसँग जाँच गराइ सेवा दस्तुर बुझाइ एक्सरे कक्षमा जाने | तोकिएको दस्तुर | २४ सै घण्टा | एक्सरे विभाग | शाखा प्रमुख | शाखा प्रमुख/ मे . सु | |
| ८ | भिडियो एक्सरे सेवा USG | चिकित्सकसँग जाँच गराइ सेवा दस्तुर बुझाइ भिडियो एक्सरे कक्षमा जाने | तोकिएको दस्तुर | सार्वजनिक बिदा बाहेक अन्य दिन | भिडियो एक्सरे विभाग | सम्बन्धित चिकित्सक | शाखा प्रमुख/ मे . सु | |
| ९ | इ. सी .जी . सेवा | चिकित्सकसँग जाँच गराइ सेवा दस्तुर बुझाइ इ. सी. जी. सेवा कक्षमा जाने | तोकिएको दस्तुर | आवश्यकतानुसार २४ सै घण्टा | ओ.पि.डि. इमर्जेन्सी ,इण्डोर | शाखा प्रमुख | शाखा प्रमुख/ मे . सु | |
| १० | प्रयोगशाला सेवा | चिकित्सकसँग जाँच गराइ सेवा दस्तुर बुझाइ प्रयोगशाला सेवा कक्षमा जाने | तोकिएको दस्तुर | आवश्यकतानुसार २४ सै घण्टा | प्रयोगशाला विभाग | शाखा प्रमुख | शाखा प्रमुख/ मे . सु | |

| क्र स. | सेवाको किसिम | सेवा लिने प्रक्रिया | लाग्ने दस्तुर | सेवा उपलब्ध समय | सेवासँग सम्बन्धित विभाग | सेवासँग जिम्मेवार व्यक्ति | गुनासो तथा सुझाव भएमा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ११ | फार्मेसी सेवा | चिकित्सकसँग जाँच गराइ औषधिको लागि फार्मेसीमा जाने | औषधि अनुसार तोकिएको दस्तुर | २४ सै घण्टा | फार्मेसी विभाग | फार्मेसी इन्चार्ज | शाखा प्रमुख/ मे . सु | |
| १२ | फार्मेसी सेवा (नि: शुल्क) | चिकित्सकसँग जाँच गराइ औषधिको लागि फार्मेसीमा जाने | नि: शुल्क औषधि | २४ सै घण्टा | फार्मेसी विभाग | फार्मेसी इन्चार्ज | शाखा प्रमुख/ मे . सु | फार्मेसीमा नि: शुल्क औषधिहरू उपलब्ध भएसम्म |
| १३ | सुरक्षित गर्भपतन सेवा | काउन्टरबाट नाम दर्ता गराइ गर्भपतन कक्षमा जाने | नि: शुल्क | सार्वजनिक बिदा बाहेक अन्य दिन कार्यालय समयभित्र | गर्भपतन शाखा | शाखा प्रमुख | शाखा प्रमुख/ मे . सु | |
| १४ | भि. आई.ए. सेवा | काउन्टरबाट नाम दर्ता गराइ भि. आई. ए. कक्षमा जाने | नि: शुल्क | सार्वजनिक बिदा बाहेक अन्य दिन कार्यालय समयभित्र | भि. आई. ए. शाखा | शाखा प्रमुख | शाखा प्रमुख/ मे . सु | |
| १५ | पि. एम.टी. सि. टी. सेवा | काउन्टरबाट नाम दर्ता गराइ पि. एम.टी. सि. टी. कक्षमा जाने | नि: शुल्क | सार्वजनिक बिदा बाहेक अन्य दिन कार्यालय समयभित्र | पि. एम. टी. सि. टी. शाखा | शाखा प्रमुख | शाखा प्रमुख/ मे . सु | |
| १६ | खोप सेवा | तोकिएको मितीमा बच्चा र अभिभावक आउनुपर्ने | नि: शुल्क | प्रत्येक महिना २,९, १६, २४ मातृशिशु मितेरी अस्पताल | खोप विभाग | शाखा प्रमुख | शाखा प्रमुख/ मे . सु | |
| १७ | परिवार नियोजन | काउन्टरबाट नाम दर्ता गराइ परिवार नियोजनकक्षमा जाने | नि: शुल्क | सार्वजनिक बिदा बाहेक अन्य दिन कार्यालय समयभित्र | परिवार नियोजन शाखा | शाखा प्रमुख | शाखा प्रमुख/ मे . सु | |
| १८ | क्षयरोग निदान सेवा | काउन्टरबाट नाम दर्ता गराइ (DOTS) कक्षमा जाने | नि: शुल्क | २४ सै घण्टा | (DOTS) सेवा कक्ष | शाखा प्रमुख | शाखा प्रमुख/ मे . सु | |

| क्र स. | सेवाको किसिम | सेवा लिने प्रक्रिया | लाग्ने दस्तुर | सेवा उपलब्ध समय | सेवासँग सम्बन्धित विभाग | सेवासँग जिम्मेवार व्यक्ति | गुनासो तथा सुझाव भएमा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १९ | अस्पतालको कार्यसम्पादन प्रतिवेदन HIMS Online मा गर्ने सेवा | अस्पतालका सेवाहरूका रेकर्ड व्यवस्थापन गरि प्रतिवेदन तयार गर्ने | नि: शुल्क | सार्वजनिक बिदा बाहेक अन्य दिन कार्यालय समयभित्र | मेडिकल रेकर्ड शाखा | शाखा प्रमुख | शाखा प्रमुख/ मे . सु | |
| २० | स्वास्थ्य बिमा सेवा | बिमा बोर्डले तोकेको प्रक्रिया अनुसार काउन्टरमा नाम दर्ता गराउने | नि: शुल्क | OPD/ER सेवा अनुसार | सम्बन्धित विभाग | बिमा बोर्डमा तोकेको व्यक्ति | शाखा प्रमुख/ मे. सु | |
| २१ | फिजियोथेरापी सेवा | चिकित्सकको सुझाव अनुसार | तोकिएको शुल्क | समयतालिका अनुसार | फिजियो-थेराणी शाखा | सम्बन्धित कर्मचारी | शाखा प्रमुख/ मे . सु | |


Government of Gandaki Province
Ministry of Health
Provincial Health Directorate

Phone : 061-443144, 443333
E-mail : maternityhospitalpk@gmail.com

# MATRISHISHU MITERI PROVINCIAL HOSPITAL

Pokhara, Nepal

## DISASTER PLAN




## DISASTER MANAGEMENT TEAM

**Medical Superintendent**
↓
**Pediatrician**

- Operational Officer (MS/Ortho/On duty doctor)
- Logistic Officer (Logistic Manager/ Pharmacy)
- Planning Pfficer (HA/MS/On duty Doctor/ER Management) Officer)
- Finance Officer (Account Chief)
- Communication Officer (Supporting Staff)
- Transport Officer

- Hospital Management Committee
- Local Ward Police
- Local Government Ward
- Social Organization ( Redcross/ Rotary Club/ Lions Club etc)
- Cummunity Institution ( Youth Club/Mother Groups/Community Organization etc)

## सन्दर्भ सामाग्रीः-


- स्वास्थ्य निर्देशनालयबाट प्रकाशित प्रतिवेदन आ.व. २०८०/०८१
- मातृशिशु मितेरी प्रादेशिक अस्पतालबाट प्रकाशित प्रतिवेदन आ.व. २०७९/०८०, आ.व. २०८०/०८१
- प्रदेशबाट सञ्चालन गरिने स्वास्थ्य तर्फका संघ सशर्त अनुदान अन्तर्गतका क्रियाकलापहरु संञ्चालन सम्बन्धी मार्गदर्शन २०८१/०८२
- स्वास्थ्य विमा बोर्ड
- DHIS-2 प्रतिवेदन
- मातृशिशु मितेरी प्रादेशिक अस्पताल आ.व. २०७९/०८०, आ.व. २०८०/०८१,०८१/०८२ का मासिक तथा त्रैमासिक समिक्षाका प्रतिवेदन
- स्वतः प्रकाशन ,मातृशिशु मितेरी प्रादेशिक अस्पताल आ.व. २०८०/०८१, आ.व. ०८१/०८२
- प्रदेश अस्पताल, पर्वत द्वारा प्रकाशित वार्षिक प्रतिवेदन आ.व. २०८०/०८१
- धौलागिरी प्रादेशिक अस्पतालद्वारा प्रकाशित "धौलागिरी अस्पताल स्मारिका-२०७९"
- प्रदेश अस्पताल, गोर्खाद्वारा प्रकाशित वार्षिक प्रतिवेदन आ.व. २०८०/०८१